
# लेखापरीक्षण प्रतिवेदन

## धुर्कोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## धुर्कोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/597

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
धुर्कोट गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**कैफियतसहितको राय**

हामीले धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ७४ लाख ६७ हजार ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १६ लाख ४० हजार एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ६१ लाख २१ हजार , स्थानीय तह प्रशासकिय भवन पूर्वाधारको रु. ४५ लाख र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.९३

लाख ७५ हजार समेत गरी जम्मा रु. १५ करोड ९१ लाख ३ हजार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेश गरेको छैन ।

२. धुर्कोट गाउँपालिकाको रु.१ अर्व ३५ करोड २२ लाख २० हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ४० लाख ६७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.९५ लाख २७ हजार प्रतिक्रियाबाट फर्स्यौट र रु.४ लाख ९५ हजार थप भई बाँकी बेरुजु रु. ५० लाख ३५ हजार मध्ये असुल गर्नुपर्ने रू.१ लाख ७ हजार ,प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ९५ हजार र नियमित गर्नुपर्ने रु. ४४ लाख ३३ हजार रहेको छ । गत वर्षसम्मको बाँकी बेरुजु रु.६ करोड ४५ लाख १० हजार मध्ये रु. १० लाख ६० हजार यो वर्ष सम्परीक्षण भई रु.६ करोड ३४ लाख ५० हजार बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ८४ लाख ८५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने धुर्कोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी धुर्कोट गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | |
| १२९ | २० | १४०६७२४८ | ० | १५ | ९५२७३५८ | ४९४६४३ | १२९ | ५ | ५०३४५३३ | १०६७४० | ४४३३१५० | ४९४६४३ | ० | ० | ४९२७७९३ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ६४५१०००० | ० | १०६०३५७ | ६३४४९६४३ | ० | ५०३४५३३ | ६८४८४१७६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७९ | सि.सी.क्यामेरा जडान | ९,७६,३८८ |
| २ | २०८०/८१ | ८५.२ | शैक्षिक संग्रहालय निर्माण तर्फ | ५,८७,७५० |
| ३ | २०८०/८१ | ७६ | बिडबन्ड | २७,००० |
| ४ | २०८०/८१ | ६७ | बढी निकासा | ६२,६२९ |
| ५ | २०८०/८१ | ७८ | फुलवारी हर्रे झोलुङ्गे पुल निर्माण | ४,३०,३५७ |
| ६ | २०८०/८१ | ५३ | प्रशिक्षण भत्ता | ११,९०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ८४.३ | प्रशासकीय भवन तर्फ | २०,५९,३६० |
| ८ | २०८०/८१ | ८३.२ | पनाहा खोला ठुल्दी पक्की पुल | १५,००,००० |
| ९ | २०८०/८१ | ७२ | क्षतिपूर्ति जरिवाना | ३,८३५ |
| १० | २०८०/८१ | ९७ | क्याम्पसलाइ अनुदान | ९,८६,०३९ |
| ११ | २०८०/८१ | १०८ | एम्बुलेन्स खरिद पेश्की | २०,०८,१०० |
| १२ | २०७७/७८ | ४९ | सामाजिक सुरक्षा भत्ता | ४६,६०० |
| १३ | २०७७/७८ | ३९.१ | वडा कार्यालयको राजश्व असुली र दाखिला | ९३,०६२ |
| १४ | २०७७/७८ | ३४ | खरको छानामुक्त कार्यक्रम | ९,२०,६९५ |
| १५ | २०८०/८१ | २.६ | वित्तीय प्रतिवेदन | ५,००० |
| १६ | २०८०/८१ | २४ | राजश्व बाँडफाँड | ८,६९,००० |
| जम्मा | | | | १,०५,८७,७१५ |

# (८०५५२५०६३०० - धुर्कोट गाउँपालिका, गुल्मी )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७ वडा, ८६.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ बमोजिम १८८१४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।११ देखि २०८१।५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयकोआय – व्ययतर्फ रु. १ अर्व ३५ करोड २२ लाख २० हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २८९२१०।०० असुल भइ दाखिला भएको प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आय ठेक्काको असुली | १०३६६० |
| २ | पारिश्रमिक कर | ४१५५० |
| ३ | पदाधिकारी सुविधा | १४४००० |
| जम्मा | | २८९२१० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | |
|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | | नगद।जम्मा | नगद।जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ९,६०,९५,६३१.९८ | १०,१०,८९,३०६.९९ |
| १३००० | अनुदान | ३९,०५,१३,२२६.०० | ४२,७७,२४,४२९.०९ |
| १४००० | अन्य राजस्व | ९१,६१,१६२.४३ | ६६,३०,५१८.०० |
| १५००० | विविध प्राप्ति | ६,५२,१५०.०० | ० |
| क | कुल जम्मा प्राप्ति | ४९,६४,२२,१७०.४१ | ५३,५४,४४,२५४.०८ |
| ३ | चालु | ३४,६४,८३,०१६.६१ | ३७,४१,३१,९७१.०० |
| २१००० | पारिश्रमिक / सुविधा | ५,८२,२२,३३३.०० | ५,९८,०१,२७७.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,७०,६०,४७८.९० | १०,१५,८०,९२९.०० |
| २५००० | सहायता (Subsidy) | १८,३१,१४,४५३.०० | १७,२८,३५,९७०.०० |
| २७००० | सामाजिक सुरक्षा | ९३,५२,६२६.०० | १२,५९,७५०.०० |
| २८००० | अन्य खर्च | ८७,३३,१२५.७१ | ३,८६,५४,०४५.०० |
| ४ | पूंजीगत | १५,६८,३६,२७६.०० | १८,७३,०४,६३५.०० |
| ३१११० | भवन तथा संरचना | ३८,७०,१०८.०० | ६,१३,५४८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,११,४२,४३४.०० | ९८,७६,४८४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | २१,८१,८९१.०० |
| ३११४० | सुरक्षा उपकरण | १७,८९,१३०.०० | ० |
| ३११५० | सार्वजनिक निर्माण | १४,००,३४,६०४.०० | १७,४६,३२,७१२.०० |
| ५ | वित्तीय | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ५०,३३,१९,२९२.६१ | ५६,१४,३६,६०६.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | (६८,९७,१२२.२०) | (२,५९,९२,३५१.९२) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १,६८,९७,३०५.०० | (१६,०६,२९६.८२) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -५,०००.०० | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १,००,००,१८२.८० | (२,७५,९८,६४८.७४) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २,४६,१९,९९३.४२ | ५,२२,१८,६४२.१६ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,४६,२०,१७६.२२ | २,४६,१९,९९३.४२ |

एकीकृत आर्थिक विवरण अनुसार बैंक मौजदात रु.३७२९९१८७।०० रहेको पेश भएको छ ।

२.२ **वित्तीय विवरणको यथार्थता -**

पालिकाकोआर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३७४६७४५४।– ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १६४००००।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ६१२०६२४।– , स्थानीय तह प्रशासकिय भवन पूर्वाधारको रु. ४५०००००।०० र पर्यटन पूर्वाधार विकास आयोजना को रु. ९३७४८८६।– समेत गरी रु. १५९१०२९६४।– सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | खर्च रु. |
|---|---|
| सामाजिक सुरक्षा | १३७४६७४५४ |
| स्थानीय तह प्रशासकिय भवन पूर्वाधार | ४५००००० |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६४०००० |
| पर्यटन पूर्वाधार विकास आयोजना | ९३७४८८६ |
| एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | ६१२०६२४ |
| जम्मा | १५९१०२९६४ |

२.३ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा मौज्दात रु. ६००९८४८२।०० रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.५८६८५२२९।०० मात्र जिम्मेवारी सारेको देखिएकोले घटी जिम्मेवारी सारेको रु.१४१३२५३।०० को सम्बन्धमा एकिन हुनुपर्दछ । पालिकाले यससम्बन्धमा गत वर्षको बैंक स्टेटमेन्ट अनुसार रु. ५८६८५२२९।०० नै भएको र फरक जिम्मेवारी सम्बन्धी गत वर्ष बेरुजु औंल्याएकोमा सम्परीक्षण समेत भईसकेको जनाएको छ ।

२.४ **फरक हिसाव** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ३४०६५२३५.५८., यस वर्षको प्राप्ति रु. १२६५३७७२९.३८. यस वर्षको भुक्तानी रु. १५७९२३९५४ र बैङ्क मौज्दात रु. २६७९०१०.७८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात रु. |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ५८६८५२२९ | ६४८५४४९०५.७७ | ६६९९३०९४७.५९ | ३७२९९१८७ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २४६१९९९३.४२ | ५२२००७१७६.३९ | ५१२००६९९३.५९ | ३४६२०१७६.२२ |
| फरक | ३४०६५२३५.५८ | १२६५३७७२९.३८ | १५७९२३९५४ | २६७९०१०.७८ |

२.५ **बैङ्क हिसाव विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | एकिकृत आर्थिक विवरण।बैंक स्टेटमेन्ट अनुसार | फरक | कैफियत |
|---|---|---|---|---|---|
| ग २.७, विविध खर्च खाता | १०२१२५६० | १०२१२५६० | १०२१२५६० | ० | |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १४२१३३९७ | १४२१३३९७ | १४२११०८३.८२ | -२३१३ | |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ८०७३७००.२२ | ८०७३७००.२२ | ९२५००२४.५६ | ११७६३२४.३४ | सुत्रमा आम्दानी बाँध्नुपर्ने |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ८६९००० | ८६९००० | ८६९००० | ० | |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२५६५१९ | १२५६५१९ | १२५६५१९ | ० | |
| सुत्र अनुसार | ३४६२५१७६.२२ | ३४६२५१७६.२२ | ३५७९९१८७ | ११७४०११.१६ | |
| विविध कोष खाता २०नं | | | १५००००० | १५००००० | सुत्रमा आम्दानी नबाँधेको आम्दानी बाँध्नुपर्ने |
| जम्मा | ३४६२५१७६ | ३४६२५१७६ | ३७२९९१८७ | २६७४०११ | |

पालिकाले सुत्र अनुसार पेश गरेको म.ले.प.२७०-१ प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन र म.ले.प. २७० को अनुसूची ६.२ अनुसार आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) एवं बैंक तथा स्रेस्ता अनुसारको विवरण बमोजिम रु. ३४६२५१७६।०० मौजदात रहेकोमा पालिकाले पेश गरेको बैंक स्टेटमेन्ट अनुसार तयार पारेको एकिकृत आर्थिक विवरण अनुसार रु.३७२९९१८७ मौजदात रहेको छ । एकीकृत आर्थिक विवरण र बैंक स्टेटमेन्ट अनुसार रु. २६७४०११।०० बढी बैंक मौजदात रहेको छ । पालिकाको संचित कोष खातामा बढी देखिएको रु. ११७६३२४.३४ तथा विविध कोष खाता (कर्मचारी कल्याण कोष) को रकम समेत सुत्रमा आम्दानी बाँध्नुपर्दछ । उक्त मौजदात पालिकाले सुत्रमा आम्दानी बाँध्नु पर्दछ ।

२.६ **दायित्व** -

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रु **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसमान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- निजामति सेवा ऐन २०४९ को दफा ७ को ख २ वमोजिम तलवि प्रतिवेदन पारीत गराइ तलब भत्ता भुक्तानी गर्नु पर्नेमा तलबि प्रतिवेदन पारीत नगराई तलव भत्ता भुक्तानी दिई खर्च लेखेको छ । जसले गर्दा ग्रेड समेत एकिन हुन सकेन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४ **सूचना प्रविधी पद्धति**

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वियन गर्नुपर्नेमा गरेको देखिएन ।

सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

**५ सफ्टवेयर खरिद तथा उपयोग**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहाय बमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं | सफ्टवेयरको नाम | खरिद गरेको बर्ष | सफ्टवेयर खरिद खर्च | यस वर्षको नविकरण।वार्षिक शुल्क | संचालन अवस्था | प्रयोग भएको शाखा |
|---|---|---|---|---|---|---|
| १ | Educational Institute Automation System<br>शिक्षा सूचना | २०७९। ८० | ५७२५०० | २००० | चालु | शिक्षा शाखा |
| २ | Planning Management Software | २०७९। ८० | ४३५००० | योजना दर्ता चलनी प्रणाली सफ्टवयेर वार्षिक शुल्क कम्प्युटर प्रिन्टर मर्मत वार्षिक शुल्क नागरिक सर्वेक्षण आदी बापतको रकम भुक्तानी रु ३४२००० | चालु | योजना शाखा |
| ३ | Dhurkot Krishi Application Software<br>कृषि सूचना | २०७९। ८० | ४३८०५५ | | चालु | कृषि शाखा |
| ४ | LED Software and Nagarik Badapatra | २०७९। ८० | ४३८०५३ | | चालु | आई टी शाखा |
| ५ | ई- सिफारिस<br>सूचना दर्ता परिचयपत्र सूचना डेटावेस | २०७९। ८० | ४४०२२९ | | चालु | |

**६ बेरुजु लगत**

पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।पालिकाले म. ले. प. फाराम ८०१ – बेरुजु लगत नराखेको तथा म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

**७ आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्ने तथा आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख रहेकोमा पालिकाले आन्तरिक लेखापरीक्षकको पद रिक्त रहेकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा

तोकिए बमोजिम आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ८ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्षको वार्षिक बजेट रु. ५६ करोड ९२ लाख ६३ हजार रहेकोमा थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. २ करोड ५६ लाख २२ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.५० प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**त्रैमासिक खर्च :** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको सुत्र तर्फको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजीगत खर्च सुत्र | १५६८३६ | १०१२० | २१३०० | ३३४४८ | ९१९६७ | ६१७८८ |
| खर्च प्रतिशत | | ६.४५ | १३.५८ | २१.३३ | ५८.६४ | ३९.४ |

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१५ करोड ६८ लाख भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड १ लाख अर्थात ६.४५ प्रतिशत भने दोश्रो त्रैमासिकमा रु.२ करोड १३ लाख अर्थात १३.५८ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ३ करोड ३४ लाख ४८ हजार अर्थात २१.३३ प्रतिशत, चौथो त्रैमासिकमा रु.९ करोड १९ लाख ६७ हजार अर्थात ५४.६४ प्रतिशत र असार महिनामा मात्रै रु.६ करोड १७ लाख अर्थात ३९.४० प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

## ९ बजेटको नीति तथा कार्यक्रम

धुर्कोट गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा मार्गदर्शन २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरूमध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमानै उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका शिक्षा, स्वास्थ्य, कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वियन नभएका उदाहरणहरु देहाय अनुसार छन:

- कृषि योग्य भूमीको खण्डिकरणलाई रोकी भूमिको चक्लावन्दी गर्ने कार्यलाई विस्तार गरिनेछ।
- गाउँपालिका भित्र बाझो रहेको जमिनलाई खेतियोग्य बनाउने किसानलाई अनुदानको व्यवस्था गरिनेछ।
- कृषक घुम्ती विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रुसर हरुको वितरण गरिनेछ।
- ५ जना सम्मका प्रत्यक्ष रोजगारी दिने उद्योगको लागि मेसिन औजारमा अनुदानको व्यवस्था गरिनेछ।
- गाउँपालिका स्तरिय स्काउट तालिम सञ्चालन गरिनेछ।

- एक वडा,एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाईनेछ।
- हेलो अध्यक्ष कार्यक्रम" सञ्चालन गरी जनताको गुनासा तथा पिर मर्काको सुनुवाईको लागि गाउँपालिको कार्यालयमा कल सेन्टर स्थापना गरिनेछ। सो मार्फत जनता र अध्यक्ष वीच प्रत्यक्ष सम्बादको व्यवस्था मिलाईनेछ।
- धुर्कोट गाउँपालिकाको पालिका गान निर्माण गरी सार्वजनिक सभा समारोहमा त्यसको प्रयोग गरिनेछ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१९ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

**लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । सुत्रबाट प्राप्त विवरण अनुसार देहाय अनुसार प्रगति स्थिति रहेको देखिन्छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | कार्यक्रम संख्या | ३० | १ | २ | २६१ |
| पूजिगत | | | | | |

१२ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०८० आषाढको सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा देहाय अनुसारको शिर्षकमा अवण्डा बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी विविध शिर्षकमा अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शूरु योजनामा समावेश नगरी सुविधाका आधारमा योजना थप गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ ।

| क्र.सं. | विवरण | बजेट | खर्च |
|---|---|---|---|
| १ | मर्मत सम्भार कोष | ३३००००० | ३१६५२३६ |
| २ | फुटकर खर्च | १५५०००० | १५१४२०४ |

**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १३ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्म | रु.१ लाख देखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्मका | रु.५लाख देखि १० लाखसम्मका | रु. १०-२० लाख सम्म | २० देखि ५० लाख सम्मका | ५० लाख भन्दा माथिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १२६ | ४६ | ४९ | १४ | २३ | ३० | ६ | २९४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरण मुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६४ योजना मात्र कार्यान्वियन भई विविध कारणले ३० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ४९४२७००० | ४३०६८५४१ | ८.५४ |
| २ | पूर्वाधार विकास | १०५०९५७०१.६ | ८८०५०९३४ | १७.४८ |
| ३ | सामाजिक विकास | २४९०४८००० | २२८३८६२१६ | ४५.३६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३३६४४५९ | १०६६०२६७ | २.११ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५२३२८५९८ | १३३१५३३३४.६ | २६.५१ |
| | जम्मा | ५६९२६३७५८.६ | ५०३३१९२९२.६ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४५.३६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.११ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

१५ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १८९०००००।- भुक्तानी दिएको छ।पालिकाले गत आर्थिक वर्षमा सुत्र प्रणालीको समस्याका कारण भुक्तानी दिन छुट भएकोले कार्यक्रममा समावेश गरी भुक्तानी दिएको जनाएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**खर्च बिश्लेषणः** पालिकाले यसवर्ष सुत्र तर्फ कुल आन्तिरक आयबाट रु. ६६७१६४२.४९ राजस्व बाँडफाँड र अनुदानबाट रु.४८९७५०५२७.५९ समेत रु. ४९६४२२१७०.४१ आम्दानी भएकोमा चालु तर्फ रु. ३४६४८३०१६.६१ र पूँजिगत तर्फ रु.१५६८३६२७६।०० समेत रु. ५०३३१९२९२।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७८ लाख २४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ११७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.७५ प्रतिशत चालु र २९.२५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६ **सेवाप्रवाहको स्थिति**

पालिकाबाट हुने विभिन्न सेवा प्रवाह सम्बन्धि विवरण माग गरेकोमा यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | ६५२ |
| मृत्युदर्ता | २४१ |
| बसाईसराई दर्ता | ८१ |
| विवाह दर्ता | २६६ |
| सम्बन्धविच्छेद दर्ता | २० |
| पूर्वाधार विकास सडक निर्माण ( हालसम्म ) | |
| कालोपत्रे सडक निर्माण | १२ कि. मि . |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | २५. ८ कि . मि . |
| ग्राभेल सडक मर्मत | - |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१७ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ६ | १ |

## १८ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ५ वटा नियमावली, ४८ कार्यविधि, ,निर्देशिका १ , मापदण्ड २ ,आचार संहिता १ लगायत ७७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यसमा निम्न व्यहोरा देखिएका छन्

१८.१ **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वियन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१८.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप कुल १३ विवाद दर्ता भएकोमा १३ वटै फछ्र्यौट भएको पाईयो।

## १९ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

| .व. : २०८०/८१ प्रकार : आन्तरिक राजस्व खाता अवधी : २०८०/०४/०१-२०८१/०३/३१ | | | |
|---|---|---|---|
| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
| १ | ११३१३ - सम्पती कर | २, ०४ , ७७१.३४ | २, ०४ , ७७१.३४ |
| २ | ११३१४ - भुमिकर/मालपोत | ४, ६७ , १७६.५० | ४, ६७ , १७६.५० |
| ३ | ११३१७ - वहाल कर | ४, ८१ , ६९४.३२ | ४, ८१ , ६९४.३२ |
| ४ | ११३१८ - वहाल विटौरी कर | १५,२२०.०० | १५,२२०.०० |
| ५ | ११४५१ - सवारी साधन कर ( साना सवारी) | ७,०००.०० | ७,०००.०० |
| ६ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | १,२००.०० | १,२००.०० |
| ७ | ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ४१,४९०.०० | ४१,४९०.०० |
| ८ | ११६९१ - अन्य कर | ३, ८७ , ८६६.९० | ३, ८७ , ८६६.९० |
| ९ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० |
| १० | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ३९,६३३.८० | ३९,६३३.८० |
| ११ | १४२२४ - परीक्षा शुल्क | ६६,६००.०० | ६६,६००.०० |
| १२ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | २, ९९ , १६५.०० | २, ९९ , १६५.०० |
| १३ | १४२४३ - सिफारिश दस्तुर | १४, ७६ , ७९३.०० | १४, ७६ , ७९३.०० |
| १४ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ४, ३९ , ९२५.०० | ४, ३९ , ९२५.०० |
| १५ | १४२४९ - अन्य दस्तुर | १, ८० , ८००.०० | १, ८० , ८००.०० |
| १६ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १, १५ , ०३८.०० | १, १५ , ०३८.०० |
| १७ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | १४० | १४० |
| १८ | १४३१२ - प्रशासनिक दण्ड , जरिवाना र जफत | ३, ९४ , ५४२.०० | ३, ९४ , ५४२.०० |
| १९ | १४५२९ - अन्य राजस्व | २, ९६ , १६३.०० | ५, ८१ , ५३९.१३ |
| २० | १४६११ - व्यवसाय कर | ८, १८ , ८९७.५० | ८, १८ , ८९७.५० |
| २१ | १५१११ - बेरूजू | ६, ५२ , १५०.०० | ६, ५२ , १५०.०० |
| जम्मा | | ६३, ८६ , २६६.३६ | ६६, ७१ , ६४२.४९ |

## २० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४९६६४७६५० | ६६७१६४२.४९ | १.३३ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

२१ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ६६ लाख ७१ हजार अर्थात अनुमान भन्दा १० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२३ **राजश्व दाखिलामा जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन । पालिकाले असुली रकमको आम्दानी मिती र दाखिला मिति खुल्ने विवरणको अभिलेख राखी ढिलो जम्मा गरेकोमा नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

२४ **राजश्व वाँडफाँड**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८६९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **आय ठेक्काको अनुगमन**

नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन पेश भएन । त्यस्तै संझौता बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन ।

२६ **सम्पति व्यवस्थापन तर्फ**

**(क) सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन

तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

**(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

**(ग) जिन्सी अभिलेखिकरण:** स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।

## २७ मालसामानको गुणस्तर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## २८ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २९ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैले वा भाडामा सञ्चालन गर्ने सम्बन्धी कुनै कार्यविधि तयार नगरी मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

## ३० सवारी साधन खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक

व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु ५८०००० तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.२००८१००।- बजेटबाट खर्च गरेको छ ।

## ३१ विपद व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

## ३२ प्रकोप व्यवस्थापन कोष

पालिकाको प्रकोप व्यवस्थापन कोष तर्फ रु.१६७८२०६।०० मध्ये यस वर्ष रु. ४२१६८७।०० खर्च गरी रु.१२५६५१९।०० बाँकी रहेको विवरण पेश भएको छ । पालिकाले कर्मचारीहरु विपद व्यवस्थापनमा राहत वित्तरणका लागि पेश्की लिई खर्च गरेको, आर्थिक सहायता तथा विपद व्यवस्थापन कार्यमा खर्च गरेको देखिन्छ ।पालिकाले कार्यविधि अनुसार व्यवस्थित रुपमा खर्च गर्नुपर्दछ ।

## ३३ धरौटीको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ६४ मा धरौटीको व्यक्तिगत विवरण सहितको धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाको गत वर्षको धरौटी जिम्मेवारी रु. ८०३७१३३।८२ रहेकोमा यस वर्ष रु. ७४२४०३३।०० आम्दानी भई रु. १२४७७६९।०० फिर्ता गरी रु. १४२१३३९७।०० मौजदात देखिन्छ ।सो मध्ये देहाय अनुसार नामनामेसी नखुलाई पालिकाको नाममा धरौटी रहेको देखिएकोले उक्त धरौटी एकिन गरी आम्दानी बाँध्नु पर्दछ ।

| क्र. स. | धरौटी विवरण | रकम रु |
|---|---|---|
| १ | धुकट गाउँकायपालीका ग ३ धरौटी खाता | ८२८८१६ |
| २ | धुर्कोट गाउँपालिका ग ३.१ स्थानीय तह धरौटी खाता | १२१७७४ |

## ३४ धरौटी सदरस्याहा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६ को उपनियम २ मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा जुन कामको लागि राखिएको हो सो काम समाप्त भएको एव वर्ष भित्र धरौटी रकम प्रमाण सहित फिर्ता गर्नुपर्ने व्यवस्था छ । नियम ६८ख मा उल्लेखित अवधि भित्र धरौटी फिर्ता लिन नआएमा राजश्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले म्याद समाप्त भएका र टुङ्गो लागेका धरौटी रकम नियमानुसार एकिन गरी सदरस्याहा गर्नुपर्दछ ।

## ३५ विज्ञापन वोर्ड कोष खाता कट्टी

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा

शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट समेत सूचना प्रकाशनमा खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

३६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र ३८ वटा सहकारी दर्ता रहेका छन। पालिका भित्रका सहकारी संस्थाहरु मध्ये ७ वटा सहकारीले COPOMIS मा विवरण दर्ता गराएका छन भने २९ वटा सहकारी संस्थाले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। साथै १७ वटा सहकारी संस्थाले लेखापरीक्षण तथा साधारण सभा गरेका छन् र १० वटा सहकारी निस्क्रिय रहेका छन् । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३७ **आर्थिक सहायता**

स्थानीय सरकार संचालन ऐन २०७४ मा कुनै पनि व्यक्ती तथा अन्यलाइ स्थानीय तहको रकमबाट आर्थिक सहायता तथा अनुदान वितरण गर्न पाउने व्यवस्था छैन ।पालिकाले यस वर्ष रु. २० हजार भन्दा कमको आर्थिक सहायता पालिकाको अध्यक्षको तोकआदेश र सो भन्दाबढी कार्यापालिकाको निणर्यबाट विपन्न नागरिकलाई रु ५९६५२०। सहायता दिएको छ । सोको अतिरिक्त पालिकाले विपद कोषहरुबाट समेत आर्थिक सहायता गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३८ **दिवस महोत्सव तथा सभा खर्च**

स्थानिय सरकार संचालन २०७४ मा दिवस महोत्सव जात्रा पर्व जस्ता शिर्षकमा खर्च लेख्ने व्यवस्था देखिदैन । पालिकाले यस वर्ष विभिन्न दिवस महोत्सवमा खर्च गरेको विवरण पेश भएन । पालिकाले यस वर्ष सभाका लागि रु. ११ लाख १२ हजार खर्च गरेको छ। यस प्रकारको कार्यक्रममा मितव्ययिता कायम गरी खर्चमा नियन्त्रण गर्नु पर्दछ।

३९ **खरिद तथा ठेक्का अभिलेख तर्फ**

३९.१ **बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३९.२ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात,

प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

**ठेक्का अभिलेखः**- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४० **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको कर्मचारी कल्याण कोषमा रु.१५ लाख मौजदात रहेको छ भने यस वर्ष पालिकाले उक्त कोषमा रकम ट्रान्सफर गरेको छैन । पालिकाले नियमको पालना गरी मात्र कोषबाट खर्च गर्नुपर्दछ ।

४१ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.१०८६५२७६।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको सुचना प्रविधि सहजकर्ता पदमा ७ जना र तथ्यांक संकलक १ जना समेतको स्वीकृत दरवन्दी नभएकोमा कर्मचारी नियुक्ति गरी तलव, चाडपर्व र पोशाकमा रु. १८३८२२६।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,३८,२२६ |

४२ **संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौँ सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

४३ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३६ कर्मचारीको रु.२४१०१००० र पालिकाका चालुतर्फ १६ कर्मचारीको रु.९१३९३४६ गरी रु.३३२४००००।०० खर्च लेखेको छ । पालिकाले शिक्षक तर्फको तलबी प्रतिवेदन मात्र पारित गरेको जनाएको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४४ **पदाधिकारी सुविधा**

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी पारिश्रमिक शिर्षकबाट रु. ७८ लाख २४ हजार भुक्तानी गरेको छ ।

४५ **गत आर्थिक वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भन्ने उल्लेख गरेको छ भने नियम १३ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी रहेको स्वीकृत दरबन्दी तलव, महङ्गी भत्ता. स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाँडा, पोशाक, खाद्यान्न, औषधि उपचार विरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, सम्झौता बमोजिमको रकम चालु वर्षको बजेटले नखामेमा खर्चको सम्वन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीकको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गराई राख्नु पर्ने उल्लेख गरेको छ ।पालिकाले चालु वर्षमा सुत्रको समस्या र राजश्वको बाँडफाटको रकम कम विनियोजन भएकोले माथि उल्लेखीत शिर्षक र अन्य शिर्षकको दायित्व आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरणमा कार्यालय प्रमुख र लेखा प्रमुखबाट प्रमाणीत गरी बजेट समेत बिनियोजन गरी यस वर्ष भुक्तानी दिएको छ । पालिकाले विनियोजित बजेटले खाम्ने गरी खर्च गर्ने, दायित्व सिर्जना नहुने गरी खर्च गर्नुपर्दछ भने कार्यविधिमा उल्लेखित खर्च शिर्षकको मात्र दायित्व सिर्जना गरी खर्च भुक्तानी दिनु पर्नेमा अन्य शिर्षकको पनि भुक्तानी दिएको नियम अनुसार नदेखिएको रु.

| गो भौ न | खर्च शिषर्क | भुक्तानी रकम |
|---|---|---|
| ३।०८०।६।१३ | इन्धन खर्च | १०३००००। |
| ६।०८०।६।१३ | विविध खर्च | २४००००। |
| १४।०८०।६।१४ | बैठक भत्ता गाउँसभा | ६३२५००। |
| ४७।०८०।६।२२ | सवारी मर्मत खर्च | ३५२४२४। |
| जम्मा | | २२५४९२४। |

| | |
|---|---|
| अनियमित भएको | २२,५४,९२४ |

४६ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा पालिकाले बजेट विनियोजन गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनामा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार सवारी साधन प्रयोग गर्ने पदाधिकारीलाई मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने

उल्लेख गरेको छ । पालिकामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकललाई मासिक १० लिटरको दरले र अन्य सवारीसाधनमा पालिकाले रु. २५२९६७८। इन्धन खर्च लेखेको छ । सोको अतिरिक्त कन्टिन्जेन्सी रकमबाट समेत पालिकाले रु. ४ लाख ७५ हजार इन्धन खच लेखेको विवरण प्राप्त भएको छ । पालिकाले सवारीसाधनमा भएको इन्धनको खर्चको अभिलेख र इन्धन खर्चको विलसँगै इन्धन प्रयोग भएको कुपन नम्वर, सवारी साधनको नम्वर र इन्धनको परीमाण समेत उल्लेख गरी खर्च लेखनुपर्नेमा इन्धनको परिमाण र रकममात्र उल्लेख गरेकोले कुन कुन साधनमा कति मात्रामा इन्धन प्रयोग भएको भनि यकिन गर्न सकियन । अत : पालिकाले इन्धन प्रयोग हुने सवारी साधनवाइज अभिलेख राख्ने र कानुनमा उल्लेख भए अनुसार कर्मचारी तथा पदाधिकारीले प्रयोग गर्ने सवारी साधनमा मात्र इन्धन खर्च लेखी इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ । छलफलको क्रममा सवारी साधनको सुविधा पाउने पदाधिकारीले सेवा सुविधा पाउने ऐनको अनुसुचिमा उल्लेख भएको मासिक १२० लिटर इन्धनले आधा महिनाको लागि पनि सवारी साधनमा इन्धन नपुग्ने भनाई रहेको छ ।

४७ **बिविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. २१९१८३८।- खर्च गरेको छ । पालिकामा कार्यरत कर्मचारी, स्थानीय तह, प्रदेश तथा संघीय कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि खर्च गरेको भनि विभिन्न मितिको होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४८ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचीमा उल्लेख भए बमोजिम दैनिक भत्ता पाउने उल्लेख छ ।पालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीको मुख्य कार्यक्षेत्र गाउँपालिका भित्रको स्थान रहेकोमा पालिकाबाट कर्मचारी र जनप्रतिनिधिहरु विभिन्न मितिमा पालिका भन्दा बाहिर पटक पटक काठमाण्डौ, बुटवल, प्रदेश राजधानी लागायका विभिन्न स्थानमा सरकारी कामकाजको लागि भ्रमण गरेको भनि यस वर्ष दैनिक भ्रमण भत्तामा रु ३१३०४००।खर्च लेखेको छ । । पालिकाले सोको अतिरिक्त कन्टिन्जेन्सी खर्चबाट समेत भ्रमण खर्च लेखेको छ । भ्रमणमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरुले सरकारी कामकाजको लागि भनि पटक पटक भ्रमण वा काजमा खटिएकोमा भ्रमणको उपलब्धिको मुल्यांकन गरेको देखिएन ।सरकारी कामकाज वेगर पालिका भन्दा अन्य स्थानमा काजमा खटिएको भनि भ्रमण आदेश स्वीकृत गराई खर्च लेख्ने कार्यमा पालिकाबाट नियन्त्रण गर्नुपर्दछ ।

४९ **बैठक भत्ता**

अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले भौ नं. १६८।०८०।९१७ बाट खरिद इकाई समिति बैठक वापत रु. ३६४०००।००, भौ.नं. २६९।०८०।११।२१ बाट खरिद मूल्यांकन समिति वापत रु. १५६०००।०० तथा भौ.न.४१४।०८१।२।२९ बाट खरिद तथा मूल्यांकन समिति बैठक भत्ता कार्यालयले एउटै निकायको पदाधिकारी तथा कर्मचारीलाई कार्यालय समय भन्दा अघी पछी वैठक वसेको निर्णय पेश गरी बैठक भत्ता भुक्तानी लिएको देखिन्छ । पालिकले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

५० **मसलन्द तथा कार्यालय सामान खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा बढी बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद

गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष कार्यलय सामाग्री तथा मसलन्दमा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ पटक पटक गरी कोटेसनबाट रु २५ लाख ५ हजार । को सामान सोझै खरिद गरेको देखियो । यसरी प्रतिस्पर्धा सिमित नहुने गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपदर्छ ।

५१ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १८ लाख ९२ हजार खर्च गरेको छ । साथै कन्टिन्जेन्सीबाट पनि खर्च गर्दा अधिकासंमा कार्यआदेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

५२ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । ।नमुना छनोटको आधारमा परिक्षण गरेकोमा वितरणमुखी कार्यमा वजेट विनियोजन गरी खर्च गरेकोले यस्तो क्षेत्रमा खर्च गर्नेमा कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न मिति | कार्यक्रमको नाम | वितरण सामान | भुक्तानी रकम |
|---|---|---|---|
| २१५।१०।१२ | जनजाती लक्षित कार्यक्रम | नौमतीबाजा खरिद | २५९९००। |
| ४०७।२।२५ | जेष्ठ नागरीक सहयोग का | रेडीयो र लठि वितरण | ४४१५४०। |
| ४८४।३।१९ | दलित जेष्ठ नागरीक सम्मान | थर्मस लठठी वितरण | ६९९९९। |
| ५१८।३।१९ | महिला समुह | नौमती बाजासेट | १३१६४५। |
| ८।१२।६ | मागमा आधारित कार्यक्रम | चपकटर र डिपफ्रिज ५० प्रतिशत अनुदान | ५९३२०। |
| १३।२।२८ | मागमा आधारित कार्यक्रम | राँगो वितरण ३ वटा ८० प्रतिशत अनुदान | १५००००। |
| २१।३।१९ | कृषकहरुलाई | घाँस वितरण | १०८९५० |

५३ **प्रशिक्षण भत्ता**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **अनुगमन समितिको बैठक भत्ता**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले भौचर

नं. २९७।०८१।१।२ बाट रु १४६०००।र गो भौ न ४१३।२।२९ बाट रु १९४०००।समेत विभिन्न मितिमा योजना तथा अनुगमन समितिको बैठक भत्ता खर्च लेखेको रु.३४००००। ऐनको उक्त प्रावधान विपरित भएको खर्च नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,४०,००० |

५५ **हेफर प्रोजेक्ट नेपालमार्फत लागत साझेदारीमा कार्यक्रम संचालन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउदा छिटो छरीतो प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकेबमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने उल्लेख गरेको छ ।" धुर्कोट कृषि तथा पशु उद्यमशिलता विकास परियोजना गुल्मी " संचालनका लागि धुर्कोट गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल ललितपुर विच रु १७८५७१४३।- को लागतमा मिति २०८२।२।१८ गते सम्म कार्यक्रम संचालन गर्ने गरी मिति २०८०।२।१८ मा सम्झौता भएको छ ।सम्झौतामा कुल लागत मध्ये ३० प्रतिशतले हुने रकम रु ५३५७१४३।- हेफर प्रोजेक्ट नेपाल र बाँकी ७० प्रतिशत ले हुने रु १२५०००००।- गाउँपालिकाले व्यहोर्ने सम्झौतामा उल्लेख गरेको छ भने यस परीयोजना व्यवस्थापनको नेतृत्व हेफर प्रोजेकट नेपालले गर्ने र परियोजनाको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र प्राविधिक प्रस्तावनामा प्रस्तावित स्थानीय गैर सरकारी संस्था '' जनविकास विकास युवा केन्द्र" हुने सम्झौतामा उल्लेख गरेको छ । धुर्कोट गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्वन्धी ऐन, २०७९ स्वीकृत गरेको छ । यो वर्ष लागत साझेदारीमा गाउँपालिकाको अनुदान रु. ५३०३३८४।- र हेफर प्रोजेक्ट नेपालको तर्फबाट रु.२२१७२०६।- समेत रु.७५२०५९०।- खर्च गरेको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन ।

५५.१ **कानुनी व्यवस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आसयपत्र दाताको सुचि तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सुचिमा समावेश भएका आसयपत्रदाता संग ३० दिनको सुचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनोट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैक जमानत दिई सम्झौता रकमको २० प्रतिशत सम्म पेश्की दिन सकिने व्यवस्था छ ।

५५.२ सम्झौताको दफा ७.२.९ अनुसार तोकेको कार्यतालिका अनुसार हेफर प्रोजेक्ट नेपाललाइ पेश्की रकम रु १७९३०६२।उपलब्ध गरायकोमा पेश्की रकमको बैक जमानत लिने सम्झौतामा उल्लेख गरेको छैन ।गैर सरकारी संस्थालाई वैक जमानत नलिई पेश्की दिने गरी सम्झौता गर्नु नियमसम्मत देखिदैन ।

५५.३ हेफर प्रोजेक्ट नेपाल मार्फत कार्य सम्पादन गर्नुपर्नेमा परीयोजनाको कार्यान्वियको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र प्राविधिक प्रस्तावनामा प्रस्तावित स्थानीय गैर सरकारी संस्था संघको हुने उल्लेख गरेको छ । स्थानीय गैर सरकारी संस्था जनविकास विकास युवा केन्द्र बाट कार्य सम्पादन गरेकोमा उक्त गैर सरकारी संस्था आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मुल्य अभिवृद्धिकर दर्ता प्राप्त गरेको छैन ।

५५.४ पालिका र हेफर नेपाल बीच भएको सम्झौताको बुदा न ७.१.१ अनुसार दोस्रो पक्षले १७८५७१४३। सम्झौताको ३० प्रतिशत कार्य मात्र स्थानीय साझेदार संस्था मार्फत गराउन सक्ने व्यवस्था रहेकोमा हेफर नेपाल संस्थावाट स्थानीय साझेदार संस्था (जनविकास विकास युवा केन्द्र )मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।

५५.५ **विल बिजक :** हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको रु ५३ लाख ३ हजार कार्यक्रमको लागत साझेदारीमा खर्च गरेको छ ।हेफर प्रोजेक्ट संस्थाको कर्मचारी तलब, प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत

योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले व्यहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

५५.६ सम्झौतामा उल्लेखित परीयोजनाका मुख्य गतिविधिहरु पशु खरिद तथा ढूवानी, विरुवा खरिद वितरण, कृषि उपकरण खरिद तथा वितरण लगायतका कार्य रहेकोमा उक्त कार्य गाउँपालिकामा कार्यरत कृषि तथा पशु प्राविधिक कर्मचारीबाट कार्यान्वय गर्न सकिनेमा पालिकाबाट नगराई गैरसरकारी संस्था मार्फत गराउनु नियमसम्मत देखिएन ।हेफर प्रोजेक्ट नेपालले व्यहोर्ने ३० प्रतिशत रकमबाट तालिम, प्राविधिक सेवा, परीयोजनाका कर्मचारीको तलव तथा सुविधा, भ्रमण खर्च, कार्यालय खर्चमा गरेको छ । कृषि तथा पशु उद्यमशिलता विकासको लागि किसानलाई वितरण गरेको मौरीको घार,कृषि उपकरण, उत्पादन सामाग्रीको बजारीकरण, कृषि तथा पशुको औषधी वितरण, फलफुलका विरुवा वितरण, बिउ बोका वितरण, खोर निर्माण लगायत कार्यमा गाउँपालिका अनुदान रकमबाट मात्र खर्च हुने गरेको छ ।कृषि तथा पशु उद्यमशिलता विकासको लागि कृषकलाई वितरण हुने सम्पुर्ण खर्च गाउँपालिकाको अनुदानबाट हुने कृषक तथा लाभग्राहीले सवै अनुदान रकम हेफर प्रोजेक्ट नेपालबाट पाएको भनि प्रचार प्रसार हुने समेत गरेको छ ।

५५.७ सम्झौताको बुदा नं. ९ अनुसार संचालित कार्यक्रमको पालिकावाट मासिक/त्रैमासिक/ अर्धवाषिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको छैन ।

५५.८ सम्झौताको बुदा नं. ८.५ अनुसार दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपालले संचालित कार्यक्रमको मासिक/त्रैमासिक/ अर्धवाषिक प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेमा सो बमोजिम प्रतिवेदन पेश गरेको छैन । पालिकावाट समेत प्रतिवेदन पेश गर्न लगाउन पहल गरेको छैन । लागत साझेदारीमा यस वर्ष हेफर प्रोजेक्ट नेपाल मार्फत कृषि तथा पशु उद्यमशिलता विकासको लागि कृषकलाई अनुदानमा वितरण गरेको विवरण निम्नानुसार रहेको छ :

| गो भौ न मिति | वितरणको विवरण र अनुदान | परिमाण | अनुदान रकम |
|---|---|---|---|
| ४४१।०८१।३।५ | मौरीको घार ५० प्रतिशत | ५० घार | २३७५००। |
| ४४०।०८१।३।५ | मिनीटिलर ५० प्रतिशत | २७ वटा | १६०६८००। |
| ५८४।०८१।३।२३ | टनेल सेट ५० प्रतिशत | २१ वटा | ५२१८८५। |
| ५८३।०८१।३।२३ | उत्पादन सामाग्रीको बजारीकरण | स्टल खर्च | ३७३०००। |
| | कुटानी पिसानी मिल ८० प्रतिशत | १ वटा | २७६०००। |
| | जेनेरेटेर | १ वटा | १५२०००। |
| | प्रसोसिङ र प्याकेजीङ्ग मेशिन | १ वटा | ३२८०००। |
| ५८२।३।२३ | कृषि तथा पशु औषधी चापकटर | | ४०३७७६। |
| ६१०।०८१।३।२४ | भकारो निर्माण ५० प्रतिशत | ४३ वटा | ४१४४०४। |
| ५७९।३।२३ | फुल फुलका विरुव वितरण | विभिन्न | ६९४८१७ |
| | बोका वितरण | ६ गोटा | १५६०००। |
| ६१२।०८१।३।२४ | वाख्राखोर निर्माण ५० प्रतिशत | २१ वटा | ५०७२३८। |
| ४४५।०८१।३।५ | राँगा वितरण ८० प्रतिशत | ४ वटा | २३३३७७। |
| जम्मा | | | ५९०४७९७। |

५६ **लघुउद्यम कार्यक्रम**

गरीबी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि रु.१३ लाख रकम विनियोजन भएकोमा रु.११ लाख ६१ हजार ७०६ खर्च गरेको पाईयो । लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने मर्मको साथ पालिकाले यस वर्ष विभिन्न वडामा ६ वटा सिपमूलक कार्यक्रम संचालन गरेको छ । सो सम्बन्धमा देखिएको विवरण निम्नानुसार छन।

५६.१ पालिकाले गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्बन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले सो सम्बन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्बन्धमा ध्यानदिनु पर्दछ ।

| कार्यक्रम | सहभागी | खर्च रकम |
|---|---|---|
| ग्रामिण लेखाजोखा अभिमुखीकरण | २६ | १५०६० |
| उद्यमशिलता विकास तालिम | २२ | ३४५६० |
| सिलाईकटाई मेसिन खरिद | १० | १२६५६० |
| हाते ट्याक्टर मर्मत तालिम | १४ | १४९७९० |
| सिलाईकटाई तालिम | १५ | १९३९३० |
| सिलाईकटाई मेसिन खरिद | १ सेट | ३४३९२ |

५६.२ कार्यक्रमको केही भुक्तानी सम्बन्धित पार्टिलाई नभई संयोजकलाई भएको, पुनर्ताजगी तालिममा पुरानो सहभागी वा उद्यमी भएको नखुलेको, प्रशिक्षकको कन्टेन्ट र प्रस्ताव नभएको, केही वित्तरण गर्ने सामाग्री दाखिला वेगर समेत वित्तरण गरेको, कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेकोले यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

५६.३ गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्दछ ।

५७ **प्रविधि हस्तान्तरण**

घरेलु तथा साना उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं.४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कूल रकममा २० प्रतिशत उद्यमीले जम्मा गर्नुपर्ने, नं. ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचक निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु. १९३९३०।- बराबरको ४ वटा सिलाइ मेशिन खरिद गरी वितरण गरेकोमा पालिकाले कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरेको छैन । अतः प्रविधिक हस्तातरण पश्चात उद्यमीले व्यवसाय संचालन गरे नगरेको नियमित अनुगमन हुनुपर्दछ ।

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वटै वडामा ९४ वटा योजना संचालन गरी २९० जनालाई औषत ३४ दिनसम्म रोजगारी उपलब्ध गराई कुल रु.

४७,५१,३२४ । - श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५८.१ **दुर्घटना बिमा:** निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वियन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

५८.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ ।

## ५९ कृषि तथा पशु कार्यक्रमहरु

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि तथा पशु सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।यसका केहि उदाहरण देहाय अनुसार छन् –

| क्र.सं. | बजेट शिर्षक (पालिका वा **सशर्त )** | कार्यक्रमको नाम | भुक्तानी पाउने | अनुदानको **प्रकार** | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | पालिका | ५०% अनुदानमा सुन्तला , कागती , किवि फलफूल विरुवा वितरण कार्यक्रम | व्यक्ती, फर्म , समुह | ५०.००% | ५०००० | ४५,२२५ |
| २ | पालिका | कृषि औजार ५०%अनुदानमा वितरण | व्यक्ती, समुह , फर्म | ५०.००% | २,५० , ००० | २, ४७ , २७५ |
| ३ | पालिका | पुराना सुन्तलाजात फलफूल बगैंचा व्यवस्थापन तथा बगैंचा शुद्धिणीकरण कार्यक्रम | समुह, फर्म , सहकारी | ५०.००% | १, ०० , ००० | ९४,६५१ |
| ४ | पालिका | व्यवसायिक तरकारी खेतीकालागी टनेल निर्माण कार्यक्रम | फर्म | ५ वटा स्थायी , ५ वटा अस्थायी | २, ०० , ००० | १, ९५ , ३०२ |
| ५ | संघिय सशर्त | साना सिंचाई निर्माण कार्यक्रम(वडा नं ५ र ६) | फर्म, समूह , सहकारी , समिति | ५०.००%<br>७५.००%<br>८५.००% | १९, ७५ , ००० | १८६४०४४ |
| ६ | प्रदेश सशर्त | साना सिंचाई कार्यक्रम | फर्म, समूह , सहकारी , समिति | ५०.००%<br>७५.००%<br>८५.००% | १०, ०० , ००० | ९, ६४ , ७४० |
| ७ | प्रदेश सशर्त | सुन्तलाजात फलफूलक्षेत्र विस्तार कार्यक्रम | व्यक्ती , फर्म , समूह , सहकारी , समिति | ५०.००% | २, ७२ , ३७२ | २, ४४ , ०७० |
| ८ | पालिका | राँगो/साँढे वितरण कार्यक्रम | व्यक्ती,फर्म, | ८०.००% | १,५०,००० | १,५०,००० |
| ९ | पालिका | घाँसका विउ/बेर्ना वितरण ढुवानी सहित | व्यक्ती,समुह,फर्म | १००.००% | १,१०,००० | १,०८,९५० |
| १० | पालिका | मागमा आधारीत अनुदान | ,व्यक्तीसमुह,फर्म,सहकारी | ५०.००% | | ५९,३२० |
| ११ | पालिका | साना किसानका लागि बाख्रा खोर अनुदान | फर्म | ५०.००% | ९०,००० | ६०,००० |

५९.१ **अनुदानको उपयोग:** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

५९.२

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची–५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ।कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई कृषक समुहलाई समेत जिम्मेवार बनाउनुपर्दछ।

५९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

५९.४ लागत साझेदारी बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५ (४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । खरिद गरिएका बाख्रा कुन जात को हो परिक्षण भएको प्रमाण छैन, साथै निर्देशिकाले तोके बमोजिमको जातको बाख्रा खरिद भएको छैन । अतः बाख्रा खरिद गर्दा निर्देशिकाले उल्लेख गरेको अनुसार खरिद गर्नुपर्दछ ।

५९.५ यसबाट देखिएका अन्य व्यहोराहरु देहायअनुसार रहेका छन् :

- प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा पकेट कार्यक्रमहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्तावबाट छनौट गर्नुपर्ने समेतको व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन ।
- कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।
- नयाँ पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।
- निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, अधिकांशको पशु विमा नगराएको देखियो।
- अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।

अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

## ६० शिक्षा तर्फ

पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ ।पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुको आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण गराएको बिबरण प्राप्त भएको जनाए तापिन लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन ।अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेतसमावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ। साथै दर्तावाल लेखापरीक्षकहरुले लेखापरीक्षण प्रतिवेदनमा Unique Document Identification Number (UDIN) प्रयोग गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको देखिएन । यस तर्फ सुधार हुनुपर्दछ ।

## ६१ शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्या

स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ४३ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

| क्रम संख्या | विद्यालयको नाम | ठेगाना | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये राहत तथा करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | बालचेतना प्रावि | धुगापा १ नयाँगाउँ | २ | २ | २ | १९ |
| २ | नयाँगाउँ मावि | धुगापा १ नयाँगाउँ | १८ | १८ | ४ | ३२० |
| ३ | देउराली प्रावि | धुगापा १ नयाँगाउँ | ४ | ४ | २ | ४७ |
| ४ | कालिका प्रावि | धुगापा १ नयाँगाउँ | ५ | ५ | १ | ८१ |
| ५ | खाल प्रावि | धुगापा १ नयाँगाउँ | ४ | ४ | १ | ३६ |
| ६ | साबधारा प्रावि | धुगापा १ नयाँगाउँ | २ | २ | १ | १३ |
| ७ | नवज्योती आवि | धुगापा १ नयाँगाउँ | ६ | ६ | ३ | १२६ |
| ८ | सरस्वती प्रावि | धुगापा २ पिपलधारा | १ | १ | १ | ८ |
| ९ | जयनेपाल प्रावि | धुगापा २ पिपलधारा | ३ | ३ | १ | ३६ |
| १० | ज्ञानोदय मावि | धुगापा २ पिपलधारा | ७ | ७ | ३ | २०४ |
| ११ | खड्गछत्र प्रावि | धुगापा २ पिपलधारा | ३ | ३ | १ | ४१ |
| १२ | थुम प्रावि | धुगापा २ पिपलधारा | ४ | ४ | १ | ३८ |
| १३ | जनकल्याण प्रावि | धुगापा २ पिपलधारा | ४ | ४ | १ | ७८ |
| १४ | गणेश मावि | धुगापा २ पिपलधारा | १३ | १३ | ३ | २५८ |
| १५ | जीवन निर्माण प्रावि | धुगापा ३ हाडहाडे | ४ | ४ | २ | ५६ |
| १६ | सैनिक प्रावि | धुगापा ३ हाडहाडे | ३ | ३ | ३ | ३५ |
| १७ | जनज्योती आवि | धुगापा ३ हाडहाडे | ७ | ७ | ३ | १९२ |
| १८ | सरस्वती प्रावि | धुगापा ३ हाडहाडे | ३ | ३ | १ | ३४ |
| १९ | निन्युखर्क मावि | धुगापा ३ हाडहाडे | १३ | १३ | ५ | ४०१ |
| २० | सोमरभोमर मावि | धुगापा ३ हाडहाडे | १६ | १६ | ६ | २०५ |
| २१ | भगवती प्रावि | धुगापा ३ हाडहाडे | २ | २ | २ | ३४ |
| २२ | पाञ्चायन मावि | धुगापा ४ जैसिथोक | २८ | २८ | १४ | ३५९ |
| २३ | देवीस्थान प्रावि | धुगापा ४ जैसिथोक | ४ | ४ | २ | १०१ |
| २४ | फुलवारी प्रावि | धुगापा ४ जैसिथोक | ४ | ४ | १ | ५४ |
| २५ | भगवती प्रावि | धुगापा ४ जैसिथोक | ३ | ३ | २ | १९ |
| २६ | रौताडी प्रावि | धुगापा ४ जैसिथोक | ३ | ३ | ३ | ३५ |
| २७ | मदन प्रावि | धुगापा ५ बस्तु | २ | २ | २ | १८ |
| २८ | वालकल्याण प्रावि | धुगापा ५ बस्तु | १ | १ | १ | ५ |
| २९ | शहिद शम्शेर प्रावि | धुगापा ५ बस्तु | २ | २ | २ | १९ |
| ३० | देउराली प्रावि | धुगापा ५ बस्तु | १ | १ | १ | १९ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | हिमालय आवि | धुगापा ५ बस्तु | ५ | ५ | १ | १२७ |
| ३२ | हिमालय मावि | धुगापा ५ बस्तु | २५ | २५ | ४ | ६४२ |
| ३३ | धुर मावि | धुगापा ६ रजस्थल | १४ | १४ | ५ | २२७ |
| ३४ | दाद्र प्रावि | धुगापा ६ रजस्थल | १ | १ | १ | १४ |
| ३५ | देवीस्थान प्रावि | धुगापा ६ रजस्थल | ४ | ४ | १ | ५३ |
| ३६ | इन्दिरा मावि | धुगापा ६ रजस्थल | १४ | १४ | ६ | २४३ |
| ३७ | नवज्योती प्रावि | धुगापा ६ रजस्थल | १ | १ | १ | १४ |
| ३८ | रत्तेपोखरी प्रावि | धुगापा ७ वाग्ला | २ | २ | २ | २४ |
| ३९ | सरस्वती प्रावि | धुगापा ७ वाग्ला | ४ | ४ | २ | ४७ |
| ४० | देवीस्थान प्रावि | धुगापा ७ वाग्ला | १ | १ | १ | ७ |
| ४१ | भगवती मावि | धुगापा ७ वाग्ला | १९ | १९ | ९ | ३६५ |
| ४२ | वाग्ला मावि | धुगापा ७ वाग्ला | २० | २० | ९ | ३५३ |
| ४३ | रामपोखरी प्रावि | धुगापा ७ वाग्ला | ४ | ४ | ३ | ८६ |
| जम्मा | | | २८६ | २८६ | १२० | ५०९३ |

पालिलकाबाट प्राप्त विद्यालयका शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ४३ विद्यालयमा २८६ शिक्षक रहदा जम्मा विद्यार्थि ५०९३ रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१८ रहेको छ । १२० शिक्षक करारमा नियुक्त छन् । साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन विद्यालय मर्जर गर्ने र दरबन्दी मिलान तथा पुनर्वितरण कार्य समयमै गरिनुपर्छ ।

## ६२ नीतिको कार्यान्वन्यन

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

## ६३ दिवा खाजा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड

बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने र स्थानीय कृषकसंग खरिद गरिएका खाद्यन्नको परिणाम खुल्ने विवरण र बीलभर्पाई सुरक्षित राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्नेछ । दिवा खाजाका लागि विद्यार्थीलाई नगद रकम उपलब्ध नगराउने ब्यवस्था छ। यस पालिकाले कक्षा वालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थि दिनको रु.१५ का दरले दिवा खाजा वापत औषत १७७.५५ दिनको २६९१ विद्यार्थीको लागि गो. भौ. न . ४४।०८०।१०। १५ बाट रु. २४६४९८०, ७१।०८१।१।१२ बाट रु. २५८९२४० र १६१।०८१।३।१८ बाट रु २११२६०० गरी जम्मा रु.७१६६८२०।-, ४३ विद्यालयहरुलाई उपलब्ध गराएकोमा खाजा खर्चको विवरण र विल पेश नगरी अभिभावकलाई नगदै उपलब्ध गराएको भर्पाई पेश गरेको छ। पालिकाले उक्त कार्यान्वयन पुस्तिका विपरित दिवा खाजाको व्यवस्थापन नगरी नियम विपरित नगदै उपलव्ध गराएको नियम अनुसार देखिएन । कार्यविधिको पालना गरि दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले रु.१५ का दरले दिवा खाजा न्यून भएकोले अभिभावकलाई उक्त रकममा थप साझेदारी गराई दिवा खाजालाई नियमित अनुगमन मार्फत थप व्यवस्थित गराएको जनाएको छ ।

## ६४ शिक्षण सहयोग अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान शिक्षक संख्या |
|---|---|---|
| कक्षा ९ र १० | | |
| ज्ञानोदय मा. वि . | ५५ | २ |
| निन्यु खर्क मा. वि . | ८० | २ |
| कक्षा ६ देखि ८ | | |
| नवज्योती आ. वि . | २७ | १ |
| ज्ञानोदय मा. वि . | ५४ | १ |
| जनज्योती आ. वि . | ६४ | १ |
| धर मा. वि . | ४३ | १ |

## ६५ निःशुल्क पाठ्यपुस्तक

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को ३.१मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक

बुझेको भरपाइ स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाइ आवश्यक अनुगमनको व्यवस्था स्थानीय तहले मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष जम्मा रु.२५८९७८३।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यार्थीले समयमै पाठ्यपुस्त पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन नगरेको र सबै पुस्तक बुझेको भरपाईमा प्रधानाध्यापकले प्रमाणित गरी पालिकामा पेश नगरेको र भरपाईमा मिति समेत उल्लेख नगरेकाले पुस्तक खरिद गरी विद्यार्थीलाई समयमै वितरण गरे नगरेको सम्बन्धमा अनुगमन समेत भएको पाइएन ।

६६ **सेनेटरी प्याड व्यवस्थापन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले विद्यालयबाट हुने सेनेटरी प्याडको वितरण र प्रयोग अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । पालिकाले यस वर्ष ई-विडिङ माध्यमबाट गो.भौ.नं. ११६-२०८१।३।४ बाट एन्जल टच हाइजिन मेनु फेक्चरिङ बाट १२ हजार प्रति प्याकेट रु. ३४.४९ मा खरिद गरी रु, ४१३९८६ भुक्तानी गरेको छ। उक्त प्याड खरिद गरी १३ विद्यालयलाई वितरण गरेको भए तापनि पालिकाले अनुगमन गरेको छैन । विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकिएन । यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

६७ **बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६२,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६८ **स्वास्थ्यतर्फ**

पालिकाले स्वास्थ्य अन्तर्गत विभिन्न तालिम लगायत अन्य कार्यक्रमहरु सञ्चालन गरेकोमा विभिन्न कार्यक्रमहरु संचालन गरे पछि सम्बन्धित सहभागी, स्वास्थ्य कर्मचारी , प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था रहेको देखिदैन । कार्यक्रमहरुमा अधिकांश खर्च भ्रमण तथा अनुगमन भत्तामा हुने गरेकोमा सोको लागि नियन्त्रण प्रणाली अपनाएको देखिदैंन । साथै उक्त कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो। अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रतिवेदन तयार गरी अभिलेख राखेको पाईएन । स्वास्थ्य कार्यालय लगायतका प्रदेश तथा संघीय कार्यालयका सहजकर्ताहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराएकोमा पालिकाले सम्बन्धित कार्यालयलाई भ्रमण भत्ता उपलब्ध गराएको जानकारी नगराएकोले दोहोरो भत्ताको जोखिम समेत रहन्छ । स्वास्थ्य तर्फका कार्यक्रममा यी पक्षहरु तर्फ ध्यान दिनुपर्दछ ।

६९ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु. ५६१२१८।- को विभिन्न ५५ प्रकारका औषधिहरु शरण मेडिकल डिष्टिब्युटरबाट e bidding मार्फत र रु. ८४८६८२।- को औषधिहरु सोझै गरी जम्मा रु.१४०९९००।-को एलोपेथिक र रु ६९९९६०।- को आयुर्वेदिक औषधिहरु गरी कुल जम्मा रु. २१०९८६०।- को औषधिहरु खरिद गरेको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखी तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको सम्बन्धमा एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्नुपर्दछ ।

### ७० ढुंगा गिट्टी विक्री

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा राजस्व प्रणालीबाट आय संकलनको सारांश प्रतिवेदनमा ढुंगा गिट्टी, बालुवाबाट विक्री वापतको राजश्व रु.१८२०४४।००० संकलन गरेको विवरण पेश भएको छ । पालिकाले उक्त आयमा मू.अ.कर. समेत जोडी रकम उठाउनु पर्दछ ।

### ७१ ढुंगा गिट्टी बालुवा उत्खन्न

ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २(क) मा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २(ख) बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४(क) बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४(ख) बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसै गरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वय सम्बन्ध परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएको छ । पालिकाले घाटगद्धी अभिलेख नराखेको, ठेकेदारलाई रसिद दिए नदिएको सम्बन्धमा नखुलाएको, के कति परिमाणमा नदीजन्य पदार्थ उत्खन्न भएको सोको अभिलेख नराखेको, अनुगमन समेत नभएकोले घाटहरुमा भएको उत्खन्न परिमाण सम्बन्धमा बढी उत्खन्न भए नभएको सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन । यस सम्बन्धमा पालिका जिम्मेवार भई नदीजन्य पदार्थ उत्खन्न सम्बन्धि कानुन तथा कार्यविधि अनुसार उत्खन्न सम्बन्धि कार्यलाई नियन्त्रण गर्न तोकिएको मापदण्ड तथा विधि प्रयोग गरी नियन्त्रण कायम गर्नुपर्दछ ।

### ७२ क्षतिपूर्ति जरिवाना

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,८३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ७३ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु, १३ करोड ७४ लाख ६७ हजार ४५४ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

७३.१ **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

७३.२ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक

संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

७३.३ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

७४ **१५ शैया अस्पताल सर्जिकल तथा सामाग्री खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा खर्च गर्दा बजेट तथा कार्यक्रमले तोके बमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान अन्तर्गत १५ शैया अस्पतालका लागि तोकिएको कार्यक्रमबाट सोही अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने सर्जिकल तथा अन्य स्वास्थ्य सम्बन्धि आवश्यक सामाग्री खरिद गर्नुपर्नेमा पालिकाले सो विपरित अस्पतालका लागि खरिद नगरि भौचर नं. ७०।०८१।३।१७ बाट असार मसान्तमा बजेट खर्च गर्ने प्रयोजनले कविर मेडिको कन्सर्नबाट रु. ४३११९९।०० को विभिन्न स्वास्थ्य चौकीका लागि सामाग्रीहरु खरिद गरेको पाईयो । पालिकाले यो वर्ष अन्य बजेट तथा कार्यक्रमबाट स्वास्थ्य चौकिहरुका लागि रु. १९५४२३३।०० को लागि खरिद गरेकोमा संघीय विशेष अनुदानबाट विशेष आवश्यकताका आधारमा प्राप्त रकमलाई १५ शैया अस्पताल सुदृढिकरणका लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्री नै खरिद गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले अस्पतालको सामाग्री खरिदका लागि ठेक्का मार्फत खरिद गरिएको र बजेट माग गर्दा स्वास्थ्य चौकीका लागि समेत एकमुष्ट माग गरिएकोले बाँकी बजेटबाट आवश्यक्ता अनुसार स्वास्थ्य चौकीका लागि समेत खरिद गरिएको जनाएको छ ।

७५ **वर्षान्तमा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले देहाय ल्याप्टप, फर्निचर तथा अन्य सामाग्रीहरु बचत रकमबाट वर्षान्त तथा असार मसान्तमा खरिद गरेको पाईयो ।

| भौ नं | कार्यक्रम | आपूर्तिकर्ता | सामाग्री | रकम रु |
|---|---|---|---|---|
| ८३।०८१।३।२ | ल्याप्टप तथा प्रोजेक्टर खरिद | हाई स्पीड कम्प्युटर इएफटी | ल्याप्टप सामाग्री | १३९५५५ |
| ७१।०८१।३।१७ | हाडहाडे स्वास्थ्य चौकीका लागि फर्निचर खरिद | गोमा मल्टि अर्डर सप्लायर्स | टेबल फर्निचर कुर्सी आदी | ९९८९२ |
| ७१।०८१।३।१७ | वस्तु स्वास्थ्य चौकी हलका लागि फर्निचर खरिद | गोमा मल्टि अर्डर सप्लायर्स | टेबल फर्निचर कुर्सी आदी | १९७१३२ |
| ७४।०८१।३।२० | रोजगार सेवा केन्द्र सुदृढिकरण | टिका फर्निचर एण्ड फर्निसिंग | कार्पेट, कुर्सी आदी | १९९६७१ |
| ५९।०८१।३।४ | स्वास्थ्य चौकिका लागि युरोगार्ड जडान | ग्रिनलाईन इन्टरनेशनल | वाटर डिस्पेन्सर र फिल्टर २० लिटर | ३४६७९९ |

पालिकाले खरिद ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार खरिद योजना तयार गरी प्रतिस्पर्धा सिमित हुने गरी असार मसान्तमा दरभाउपत्र मार्फत सोझै खरिद गर्ने कार्य नियन्त्रण गरी खर्चमा मितव्यियता कायम गर्नुपर्दछ ।

७६ **बिडबन्ड**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७७ **निर्माण कार्यमा मितव्ययिता**

सार्बजनिक खरीद ऐन २०६३को दफा ८(२)मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरीद गर्दा प्रतिष्प्रर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यबस्था छ । प्राप्त विवरण अनुसार पालिकाले यस बर्षको निर्माण सम्पन्न गर्दा पटक पटक गरि विभिन्न २४ आपूर्तिकर्ता तथा निर्माण व्यवसायीबाट लागत अनुमानकै हाराहारीमा रु १ करोड ३९ लाख ४२ हजारको (अधिकांश लागत अनुमानको ०.२ प्रतिशत देखि १ प्रतिशत औषतमा मात्र घटीमा)सम्झौता गरी रु. १ करोड ३६ लाख ६४ हजार भुक्तानी भई सोझै खरिद गरेको छ । लागत अनुमानकै हाराहारिमा सोझै खरीद कार्य गरेका कारण खरीद कार्य मितब्ययी तथा प्रतिस्पर्धी देखिएन । साथै पालिकाले आर्थिक वर्षको अन्तिम त्रैमासिक तथा असार महिनामा दरभाउपत्र मार्फत रु. १० लाख भन्दा घटीका अधिकांश कार्यहरु गरेको पाईयो ।पालिकाले आर्थिक वर्षको शुरुमा खरिद कानुन बमोजिम खरिद योजना बनाई खरिद विधि तय गरी कार्य गरेको देखिएन । पालिकाले खरीद तथा निर्माण कार्य गर्दा प्रचलित ऐन नियमको अनुसरण गरि तोकिएको रकमको हद भित्र रही एकै प्रकृतिका खरिद तथा निर्माण कार्यको प्याकेजिंग गरेर थप प्रतिस्पर्धि हुने गरी खर्च गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| क्र. स. | आपूर्तिकर्ता (सप्लयायर्स) निर्माण व्यवसायीको नाम | निर्माण कार्य तथा सामाग्री को नाम | लागत अनुमान भ्याट समेत रु | सम्झौता भ्याट समेत रु | घटी % | जम्मा भुक्तानी रु | सम्झौता अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | अर्जुन विल्डर्स रेनपा | पिपलधारा नादी तल्लाखाल तटवन्ध वडा नं।२ | २६४०८६ | २६२५५९ | ०.५८ | २५९७१३ | ०८१।२।१-०८१।३।७ |
| २ | खडकछत्र निर्माण सेवा | प्राथमिक स्वस्थ्य केन्द्र वाल निर्माण | २२४३८० | २२४१८० | ०.०९ | १९८०९९ | |
| ३ | काका भतिज कन्स्ट्रक्सन एण्ड सप्लायर्स, | जैसिथोक स्वास्थ्य चौकी पैरो व्यवस्थापन तथा वाल निर्माण | २९९९९७ | २९७०४८ | ०.९८ | २९०००० | |
| ४ | जानकी गोपाल एण्ड कन्ट्रक्सन | जनयुद्ध स्मृति पार्क निर्माण | ६२७५२४ | ६१५६७४ | १.८९ | ६१३९९४ | ०८१।२।३१-०८१।३।२१ |
| ५ | आर्क ईन्जिनियरिङ्ग डिजाईन एण्ड कन्स्ट्रक्सन, | ६ नं. वडा कार्यालय भवन मर्मत तथा संरक्षण | ३९४७५७ | ३९२८७८ | ०.४८ | ३९२८७८ | |
| ६ | वेलनेस कन्ट्रक्सन एण्ड मल्टिपरपोज | पान्चायान मा.वि तथा हिमालय मा.वि. पूर्वाधार निर्माण | ९९५६८३ | ९८१९६३ | १.३८ | ९७४६२४ | ०८१।३।१-३।९ |
| ७ | सालिमे विल्डर्स प्रा.लि. | वडा कार्यालय तला थप ,वडा नं.–६ | ९९९९९९ | ९८९१७४ | १.०८ | ९७६३४१ | |
| ८ | रजस्थल कन्स्ट्रक्सन एण्ड सप्लायर्स धु.गा.पा. ६ | वरवोट कोटक्षेत्र सडक ढलान तथा मर्मत ,वडा नं.–६ | ९९७०४७ | ९९६४९३ | ०.०६ | ९९६४९३ | |
| ९ | सुजता कन्ट्रक्सन | नादी पिपलधारा सडक र्ममत तथा ढलान | ९७३६९३ | ९७१०१५ | ०.२८ | ९६४२७५ | |
| १० | लक्ष्मी कन्ट्रक्सन | पिपलधारा स्वास्थ्य चौकिमा एम्बुलेन्स राख्ने ट्रस निर्माण | ३९९४३८ | ३९८४७७ | ०.२४ | ३९५८४९ | ०८१।२।८-०८१।३।१९ |
| ११ | अल्फा सोलार पावर एण्ड सप्लायर्स | ठूलामुल लिफ्ट खानेपानी प्यानल वोर्ड खरिद तथा जडान कार्य | २६५६५८ | २६५५५० | ०.०४ | २६५५५० | ०८१।३।१६-०८१।३।२४ |
| १२ | एम एस इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन | धुर मा.वि.कम्पाउन्ड वाल निर्माण | ५००४५१ | ४९७११८ | ०.६७ | ४४७७१५ | |
| १३ | आर ए निर्माण सेवा | सिमलका रुख गेट निर्माण कार्य | ३४९८५२ | ३४५३५९ | १.२८ | ३४२४९० | ०८१।२।२८-०८१।३।२२ |
| १४ | मनकामना ग्लास फाइवर | जनयुद्ध पार्क भित्र आर्मिको मुर्ति निर्माण | ९४४३०० | ९३३३८० | १.१६ | ९३३३८० | ०८१।१।३१-०८१।३।२१ |
| १५ | न्यूलिजा निर्माण सेवा | वर्वोट ठूल्दी नयागाउ नेटेकटेरी ओखलढुंगा सडक थप निर्माण कार्य | ९६१२२८ | ९४६९७५ | १.४८ | ९४५८७७ | ०८१।२।१७-०८१।३।२१ |
| १६ | गगन गृष्मा कन्स्ट्रक्सन एण्ड | विधालयहरुमा स्तनपान कक्ष निर्माण | १९९९८१ | १९८७२१ | ०.६३ | १९८११७ | ०८१।१। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सप्लायर्स | | | | | | २३-०८१।३।२१ |
| १७ | जि.सि.व्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | वस्तु वडा कार्यालय ट्रस निर्माण | ९९९४५६ | ९८६०३९ | १.३४ | ९४४१३३ | ०८१।२।२-०८१।३।२१ |
| १८ | अनमोल निर्माण सेवा | वडा कार्यालय दोश्रो तला ट्रस निर्माण वडा नं.–२ | ७६००२५ | ७५८३४८ | ०.२२ | ७३७७६२ | ०८१।२।३-०८१।३।२१ |
| १९ | लक्ष्मी कन्ट्रक्सन | नयाँगाउँ स्वास्थ्य चौकिमा एम्बुलेन्स राख्ने ट्रस निर्माण | २९९९५९ | २९७९३१ | ०.६८ | २९५५२० | ०८१।२।२-०८१।३।१९ |
| २० | असिम आकृति निर्माण सेवा | शहिदपार्क रंगरोगन तथा मर्मत कार्य | ४४५७०० | ४३९९२८ | १.३ | ४२९८६३ | |
| २१ | वरपिपल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | धुर्कोट परमानन्द भण्डारी क्याम्पस कम्पाउण्ड वाल निर्माण् | ४९९९७४ | ४९९३०७ | ०.१३ | ४९१३९६ | ०८१।२।३-०८१।३।२२ |
| २२ | साइसा कन्ट्रक्सन | डनेटागाउ जिम्माल पखरचौर मो।वा। नालि सहित ग्रावेल वडा नं। ७ | ३१५८७९ | ३०८५०० | २.३४ | ३०४४१४ | ०८१।१।७-०८१।३।१० |
| २३ | छपनी डेभलपर्स | वडा कार्याय तला थप वडा नं. ४ | ९९८८६९ | ९८९०३० | ०.९९ | ९८३१९६ | |
| | जम्मा | | १३९८२५६१ | १३८८०९२५ | ०.७३ | १३६६४३३० | |

७८ **फुलवारी हर्रे झोलुङ्गे पुल निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४३०,३५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९ **सि.सी.क्यामेरा जडान**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९७६,३८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८० **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ ।नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष तथा विगत २ वर्षमा परामर्श सेवा खरिद गरी देहाय अनुसार खर्च गरेको छ ।

८०.१

पालिकाबाट गत विगत वर्षमा परामर्शदाता मार्फत भएको डिपिआर तथा अन्य परामर्श अध्ययन प्रतिवेदनको विवरण माग भएकोमा सोको विवरण प्राप्त नभएकोले विगत २ वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका समेत यस वर्षको परामर्श अध्ययन प्रतिवेदन तथा सोको कार्यान्वियन अवस्था निम्न बमोजिम रहेको छ । गत विगतमा भएका अध्ययन प्रतिवेदनहरु कार्यान्वियन गर्नुपर्दछ ।

| क्र.सं. | आर्थिक वर्ष | कार्यक्रमको नाम | खर्च रकम | उपयोग तथा कार्यान्वियन अवस्था |
|---|---|---|---|---|
| १ | २०८०।८१ | निन्युखर्क मावि डिपीआर | ४९६००० | २०८०।८१ मा विनियोजन रु. ५८०००० |
| | | एरो कन्सल्टेन्ट्स प्रा.लि | | |
| २ | २०७९।८० | भू-उपयोग अध्ययन | | |
| ३ | २०७९।८० | वडा नं ७ कार्यालय भवन डिपिआर | ३९४९३५ | कार्यान्वियनमा रहेको |
| ४ | २०७९।८० | वडा नं ३ कार्यालय भवन डिपिआर | ३९४३७० | कार्यान्वियनमा रहेको |
| ५ | | नयाँ गाउ देउराली भवन डिपिआर | ४९६०७० | |
| ६ | | बरबोट देखि धुर्कोट सडकको सर्भे ड्रइङ र लागत अनुमान | २४९१६५ | |
| ७ | | ट्रि हाउस पार्क निर्माण | ४९६०७० | |

८०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स , कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाँउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खाम्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।
- पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा सोधभर्ना हुने आईटमको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ । साथै सम्झौता अनुसारका सबै प्रतिवेदनहरु तोकिएको परिमाणमा प्राप्त गर्नुपर्दछ । पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

८१ **बुढीकोट पर्यटन पूर्वाधार निर्माण**

८१.१ **कार्य प्रगति तथा म्याद थप** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।NCB-३३/०७७-७८, पर्यटन पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत बुढीकोट पर्यटन पूर्वाधार पैदल मार्ग निर्माणका लागि रु. ४७७०२००९।०० को लागत अनुमान तयार गरी ड्रागन-रेगन-रेसुङ्गा दर्शन जे.भी संग २०८०।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।६।२५ मा रु.३१३६८६२१।०० मा सम्झौता गरेकोमा २०८१ असार मसान्त सम्म रु. ९१७२१८८।९५ (२९.२४ प्रतिशत प्रगति) भुक्तानी भई कार्य सम्पन्न नभएको देखिन्छ । सम्झौताको शतप्रतिशत अवधिसम्म ३० प्रतिशतसम्म पनि प्रगति नगरेकोमा वनबाट विवाद सृजना भएको, कोभिड महामारीको प्रभावले कामदार तथा प्राविधिक साईटमा पुग्न कठिन भएको तथा अन्य विविध कारण देखाई म्याद थप माग गरेकोमा पालिकाले प्रथम पटक २०८०।११।१५ र दोश्रो पटक (सार्वजनिक खरिद नियमावली, २०६४ तेह्रौं संशोधन २०८० नियम १२०क बमोजिम) २०८२।३।१५ सम्म म्याद थप गरेको छ ।यसरी शुरु सम्झौता अवधि २१ महिनाको मात्र रहेकोमा शत प्रतिशत अवधि भन्दा समेत बढी हुने गरी २४ महिना (११५ प्रतिशत) म्याद थप गरेको उचित देखिएन । यसरी शत प्रतिशत अवधिमा समेत निर्माण कार्यको ३० प्रतिशत समेत वित्तीय प्रगति नगरेकोले ठेक्काको सम्झौता र खरिद कानुन बमोजिम समयमा कार्य सम्पन्न गराउनु पर्दछ । पालिकाले वित्तीय प्रगति ३० प्रतिशत भए तापनि भौतिक प्रगति ६५ प्रतिशत रहेको मन्त्रालयमा पठाएको प्रगति प्रतिवेदनमा उल्लेख गरेको छ ।पालिकाले रकम निकासा नभएकोले वित्तीय प्रगति घटी भएको जनाएको छ ।

८१.२ **विमा** - सम्झौताको शर्त दफा १९.१ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु २० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गर्नुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको विमा २०८३।४।१५ डिएलपी समेत हुनुपर्नेमा २०८१।४।२६ थप डिएलपीसम्म मात्र भएकोले विमाको म्याद सकिएको हुँदा विमा अद्यावधिक गर्नुपर्दछ । निर्माण व्यवसायीलाई विमा वापत रु. १४०२८०।०० भुक्तानी भएको छ । साथै विमा अद्यावधिक वेगर निर्माण व्यवसायीलाई म्याद थप गरेको उचित देखिएन । म्याद थप गर्दा कागजातहरु अद्यावधिक गरी मात्र म्याद थपको निर्णय गर्नुपर्दछ ।

८१.३ **पेश्की बाँकी** – पालिकाले निर्माण व्यवसायी ड्रागन-रेगन-रेसुङ्गा दर्शन जे.भीलाई सम्झौताको दफा scc ४९.१ अनुसार आर्थिक वर्ष २०७८।७९ मा रु. ४७०००००।०० पेश्की भुक्तानी गरेकोमा वित्तीय प्रगति २९.२४ प्रतिशत मात्र भएको अवस्थामा हाल सम्म उक्त पेश्की फर्स्यौट गरेको छैन । सम्झौताको दफा तथा सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ५० बमोजिम तोकिएको म्याद भित्र पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था भएकोले उक्त पेश्की सिघ्र फर्स्यौट हुनुपर्दछ ।

८१.४ **गुणस्तर परिक्षण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई सम्झौता बमोजिम वि.ओ.क्यूमा भएको रबल मेशनरी वापत ३६२.५० घन मीटरको रु. २९०००००।०० मूअकर बाहेक र One Sided Dressed Ashlar stone Masonary wall 1:4 (One Side Kudeko-Department of Archaelogy) वापत २८३.८० घन मीटरको रु. ३५४७५००।०० भुक्तानी गरेकोमा उक्त ढुंगाको क्वारी साईट उल्लेख नगरेको तथा पुरातत्व विभाग बमोजिम भए नभएको प्रमाण संलगन नगरेकोले यस सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले यस सम्बन्धमा सोही ढुंगा भएको परिक्षण गरी मात्र भुक्तानी दिनुपर्दछ ।

८२ **खेलकुद पूर्वाधार निर्माण**

NCB-४/०८०-८१, खेलकुद पूर्वाधार निर्माण वडा नं. ४ का लागि रु.८४११९९२।०० को लागत अनुमान तयार गरी पदम निर्माण सेवासंग २०८१।९।२५ सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।६।१५ मा रु.४९३७७१२।०० मा सम्झौता गरेकोमा २०८१ असार मसान्तसम्म रु.२९७३३८३।०० (६०.२१ प्रतिशत प्रगति) भुक्तानी भई निर्माण कार्य चालु रहेको देखिन्छ । खेलकुद पूर्वाधार अन्तर्गत

ड्रेनेज तथा प्यारापेट निर्माण कार्यको लेखापरीक्षणको क्रममा साईट अवलोकण गर्ने क्रममा मैदानसंगै माथि सडक रहेकोमा सोको प्रोटेक्सन वेगर कार्य गर्दा भिरबाट पहिरो खस्ने जोखिम देखिन्छ । निर्माण कार्य अन्तर्गत स्टोन मेशोनरी १:६ रिटेनिंङ वालको कार्य ३०२.०२ घन मीटरको मूअकर बाहेक रु.१६६५५१०।०० भुक्तानी भएको छ । खेलकुद पूर्वाधारका लागि स्टोन मेशोनरीको प्यारापेट निर्माण गरेकोमा उक्त निर्माण कार्यमा स्टोन र सिमेन्ट मसलाको कार्य केही भागहरुमा जोडमा ढुंगा र मसला छुट्टिएको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५ तथा निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर परिक्षण हुनुपर्नेमा ढुंगा, सिमेन्ट र अन्य गुणस्तर परिक्षण भएको छैन । सम्झौतामा तोकिएको स्पेशिफिकेसन तथा गुणस्तर अनुसार सम्झौता बमोजिमको गुणस्तर तथा स्पेशिफिकेसन अनुसारको गुणस्तर परिक्षण समेत गराई कार्य सम्पन्न गराउनुपर्दछ । पालिकाले निर्माण व्यवसायीलाई यस सम्बन्धमा जानकारी गराई कार्य गर्न जानकारी गराईसकेको जनाएको छ ।



८३ **पनाहा खोला ठुल्दी पक्की पुल**

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्

८३.१ **कार्य प्रगति तथा म्याद थप** – NCB-२३/०७७-७८, पनाहा खोला ठुली पक्की पुल धुर्कोट १-४ बाग्लुङ राक्से दोहली अर्घाखाँची कृष्णनगर सडक निर्माणका लागि रु. ५०१६४७२२।६८ को लागत अनुमान तयार गरी अन्जना श्रेष्ठ जेभीसंग २०७९।९।२५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।३।१७ मा रु.३९७२६१११।३१ मा सम्झौता गरेकोमा २०८१ असारमा तेस्रो रनिंग विल वापत रु.११७६४९२१।०० समेत रु. २७७५९६९२।०० (६९.८७ प्रतिशत प्रगति) भुक्तानी भई निर्माण कार्य हालसम्म पनि सम्पन्न नभएको देखिन्छ । निर्माण व्यवसायीले निर्माण सामाग्रीको मूल्य वृद्धी, चुनाव, बजेटको सुनिश्चितता जस्ता कारण उल्लेख गरी म्याद थपको निवेदन पेश गरेकोमा पालिकाले निर्माण कार्य सम्पन्न गर्नुपर्ने म्याद तेश्रो पटक (सार्वजनिक खरिद नियमावली, २०६४ तेह्रौ संशोधन २०८० नियम १२०क बमोजिम) २०८२।३।१५ सम्म म्याद थप गरेको छ ।यसरी शुरु सम्झौता अवधि १९ महिनाको मात्र रहेकोमा शत प्रतिशत अवधि भन्दा समेत बढी हुने गरी ३० महिना (१५७ प्रतिशत) म्याद थप गरेको उचित देखिएन । यसरी म्याद थप गर्दा समेत प्रगति नगरेकोले ठेक्काको सम्झौता र खरिद कानुन बमोजिम समयमा कार्य सम्पन्न गराउनु पर्दछ।

८३.२ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८३.३

**गुणस्तर परिक्षण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले कन्क्रिट टेस्ट तथा स्ट्रेसिङ रिपोर्ट पेश गरे तापनि पुलका लागि महत्वपूर्ण आईटम डण्डी को टेन्साईल स्ट्रेन्थ टेस्ट गरेको जनाएतापनि सोको फ्रिक्वेन्सी मेनटेन गरेको देखिएन । निर्माण कार्यको स्पेशिफिकेसन तथा गुणस्तर आश्वस्ता योजना बमोजिम सम्बन्धित आइटमको स्पेशिफिकेसन तथा गुणस्तर परिक्षण पश्चात मात्र भुक्तानी दिनुपर्दछ ।

८४ **प्रशासकीय भवन तर्फ**

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

८४.१ **कार्य प्रगति तथा म्याद थप** – NCB-२९/०७७-७८, प्रशासकीय भवन निर्माणका लागि रु. ११३९४००४०।०० को लागत अनुमान तयार गरी प्राकृतिक।श्रेष्ठ।सुनिल।समिर जेभीसंग २०७९।९।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।४।२१ मा रु.७२३९६३५७।०० मा सम्झौता गरेकोमा म्याद समेत २०८१ असारमसान्त सम्म रु.२५९८७६६९।२४ (३५.८९ प्रतिशत प्रगति) भुक्तानी भई निर्माण कार्य हालसम्म पनि सम्पन्न नभएको देखिन्छ । निर्माण व्यवसायीले विविध कारण उल्लेख गरी म्याद थपको निवेदन पेश गरेकोमा पालिकाले निर्माण कार्य सम्पन्न गर्नुपर्ने म्याद (सार्वजनिक खरिद नियमावली, २०६४ तेह्रौ संशोधन २०८० नियम १२०क बमोजिम) २०८२।३।१५ सम्म म्याद थप गरेको छ ।यसरी शुरु सम्झौता अवधि १८ महिनाको मात्र रहेकोमा शत प्रतिशत अवधि भन्दा समेत बढी हुने गरी २८ महिना (१५५ प्रतिशत) म्याद थप गरेको उचित देखिएन । यसरी म्याद थप गर्दा समेत प्रगति नगरेकोले ठेक्काको सम्झौता र खरिद कानुन बमोजिम समयमा कार्य सम्पन्न गराउनु पर्दछ।

८४.२ **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। नमुना छनौट गर्दा पालिकाले प्रशासकीय भवन निर्माणका निर्माण ब्यवसायी प्राकृतिक। श्रेष्ठ।सुनिल।समिर जेभीलाई भुक्तानी दिएकोमा निर्माण कार्यको प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदनमा गत वर्ष भुक्तानी भएको पाँचौ रनिङ विलको आईटम नं. ३ मा Earthwork Excavation in all types of soil and rock in Land development मा वि.ओ.क्यू. मा परिमाण १९६.५० घन मीटर रहेकोमा ४९०.४६ घन मीटरको भुक्तानी गरेकोमा छैठौं रनिङ विलको हाल भएको कार्यको कोलममा उक्त परिमाण नघटाई सोझै अद्यावधिक काम भएको कोलममा २४५.२३ मीटर राखेकोले वास्तविक ४९०.४६ घन मीटरको नै भुक्तानी भएकोले बढी भुक्तानी भएको २४५.२३ घन मीटरको रु. ३००।०० प्रति घन मीटरका दरले मूअकर समेत भुक्तानी भएको रु. ८३१३२।०० असुल गर्नुपर्ने वा आगामी विलमा कट्टी गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,१३२ |

८४.३ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,०५९,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८४.४ **पेश्की बाँकी** - सार्वजनिक खरिद ऐन, २०६४ को नियम ११३ को उपनियम (४) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लेख भए वमोजिम पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा एक महिना वढी अवधि म्याद भएको जमानत लिई पेश्की उपलब्ध गराउनुपर्नेमा निर्माण व्यवसायी प्राकृतिक।श्रेष्ठ।सुनिल।समिर जेभीलाई पटक पटक म्याद थप गरी कार्य गराउँदा समेत पेश्की घटी कट्टी गरी रु. ९१६४३३३।०० बाँकी रहेको र पेश्की जमानत २०८१।६।२४ सम्ममात्र म्याद भएको जमानत रहेको देखिन्छ । उक्त पेश्की रकम नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

८४.५ **गुणस्तर परिक्षण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले विभिन्न ल्याब टेस्टहरु गरे तापनि गुणस्तर आश्वस्ता योजना बमोजिम फ्रिक्वेन्सी मेन्टेन गरी ल्याब टेस्ट गरेको नदेखिएकोले गुणस्तर सम्बन्धमा विश्वस्त हुन सकिने अवस्था छैन । पालिकाले सम्बन्धित आइटमको स्पेशिफिकेसन तथा फ्रिक्वेन्सी अनुसार गुणस्तर परिक्षण पश्चात मात्र भुक्तानी दिनुपर्दछ ।साथै निर्माण कार्यको साईट अवलोकन गर्दा विम, कोलम र स्ल्याबमा विभिन्न ठाउँमा पालिकाका प्राविधिक समेत संलग्न लेखापरीक्षण टोलीबाट भौतिक अवलोकन गर्दा विम, कोलम र स्ल्याब लगायतका स्थानमा हनिकम्स देखीएको, जोइनिङ्गहरु नमिलेको, फमवर्क को काम स्तरीय नदेखिएको, कोलममा भएको डण्डीको क्लियर कभर डिस्ट्यान्स नमिलेको तथा डण्डी विभिन्न ठाउँमा बाहिर रहेको पाइयो । सम्झौताका शर्त बमोजिम गुणस्तरीय निर्माण कार्य गर्न पालिकाको तर्फबाट प्राविधिक सुपरभिजनमा थप ध्यान पुर्याई स्वीकृत ड्रइङ्ग डिजाइन र प्राविधिक स्पेशिफिकेशन वमोजिम कार्य गराउन र सम्झौतानुसार गुणस्तर परीक्षण गराउनुपर्ने देखिन्छ।

## ८५ शैक्षिक संग्रहालय निर्माण तर्फ

८५.१ **कार्य प्रगति तथा म्याद थप** - NCB-/०८०-८१, शैक्षिक संग्राहलय निर्माणका लागि रु.१४४२७६२७।०० को लागत अनुमान तयार गरी असिम आकृति कन्स्ट्रकसन एण्ड सप्लायर्ससंग २०८२।६।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।९।२४ मा रु.१०३०२२६६।०० मा सम्झौता गरेकोमा २०८१ असार मसान्त सम्म रु. ४२०५०७२।०० (४०.८१ प्रतिशत प्रगति) भुक्तानी भई कार्य सम्पन्न नभएको देखिन्छ । निर्माण व्यवसायीलाई पेश्की रु.१८२३४०० पेश्की भुक्तानी भएकोमा सो मध्ये रु १ लाख मात्र फर्स्यौट भई रु.१७२३४००।०० बाँकी रहेको छ।

८५.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५८७,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ८६ विमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १३ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छ । ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काको निर्माण व्यवसायीले विमा नगरेको वा निर्माण कार्य शूरु हुँदा विमा नगरी अन्त्यमा गरेको पाईयो ।यसरी समयमा विमा नगर्दा विमाको औचित्य समेत देखिदैन ।सम्झौता अनुसार बिमा गराई भविष्यको जोखिम न्यूनीकरणका गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । नमुना छनौटका आधारमा परिक्षण गर्दा निम्न ठेक्काहरुको नियममा भएको व्यवस्था अनुसार बीमा गरेको देखिएन । यसका केहि उदाहरण देहायअनुसार छन् –

| ठेक्का नम्वर | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता रकम रु | हुनुपर्ने म्याद | वास्तविक विमा म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | म्याद | | |
| NCB-९ / ७९ - ८० | सजिता निर्माण सेवा (धुर्कोट ऐतिहासिक दरबार तथा झल्याकोट पूर्वाधार ) | २०७९।११।१० देखि २०८१।२।३० म्याद थप समेत | १०२२३४०९ | २०७९।११।१० देखि २०८२।३। ३० | विमा नगरेको | विमा विओक्यु रकम रु.२९४६० |
| NCB-२१ / ८० - ८१ | जानकी गोपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. खहरे सामुदायिक स्वास्थ्य इकाई भवन | २०८०।९।२४ देखि २०८१।८।३० | २१६२५४२ | २०८०।९।२४ देखि २०८२।९। ३० सम्म | २०८१।३।१३ देखि २०८२।२। ३० | सम्झौताको ६ महिना पछि विमा गरेको |

८७ **निर्माण कार्यमा गुणस्तर व्यवस्थापन**

यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ र ११५ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि कार्य गराउँदा अधिकांश निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । पालिकाले ठेक्का मार्फतका निर्माण कार्यहरुको विल अफ क्वान्टिटीमा ल्याव टेस्ट वापत रकम व्यवस्था गरेपनि अधिकांश योजनामा सामाग्री तथा आईटमको ल्याब टेस्ट गरेको देखिएन । पालिकाले केही योजनाका मात्र क्यूब टेस्ट र कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट गरेको छ । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ । यसमा सुधार गर्नु पर्दछ । ल्याब टेस्ट नगरेका केही उदाहरण देहाय अनुसार रहेका छन्:

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | कैफियत |
|---|---|---|---|---|
| NCB-९ / ७९ - ८० | धुर्कोट ऐतिहासिक दरबार तथा झल्याकोट पूर्वाधार | सजिता निर्माण सेवा | १०२२३४०९ | ल्याब टेस्ट नगरेको |
| NCB-४ / ०८० - ८१ | खेलकुद पूर्वाधार निर्माण वडा नं . ४ | पदम निर्माण सेवा | २९७३३८३ | ल्याब टेस्ट नगरेको |
| NCB-२१ / ८० - ८१ | खहरे सामुदायिक स्वास्थ्य इकाई भवन | जानकी गोपाल कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि. | २१६२५४२ | ल्याब टेस्ट नगरेको |
| NCB-६ / ८० - ८१ | बर्वोट ठूल्दी नयाँगाउँ नेटेकटेरी ओखलढुङा सडक | सुष्मा करिशमा निर्माण सेवा | ६५७५१६७ | ल्याब टेस्ट नगरेको |

८८ **एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् :

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | भुक्तानी रु | एजविल्ट नक्सा |
|---|---|---|---|---|---|
| NCB-९ / ७९ - ८० | धुर्कोट ऐतिहासिक दरबार तथा झल्याकोट पूर्वाधार | सजिता निर्माण सेवा | १०२२३४०९ | ९४५७६४२ | N/A गरेको |
| NCB-२१ / ८० - ८१ | खहरे सामुदायिक स्वास्थ्य इकाई भवन | जानकी गोपाल कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि. | २१६२५४२ | २१६२५४२ | N/A गरेको |

८९ **कन्टिन्जेन्सी खर्च अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । प्राप्त विवरण अनुसार यस वर्ष पालिकाले रु. १९ लाख ६ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च मध्ये मर्मत तर्फ रु. ४ लाख ७३ हजार, इन्धनमा रु. ४ लाख ७५ हजार, मसलन्द तर्फ रु. ३ लाख १४ हजार, निर्माणमा रु. ७५ हजार, सवारी साधन स्कुटी खरिदमा रु. २ लाख ५६ हजार र अन्य विविध खर्च तर्फ रु. ३ लाख ८६ हजार खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

- पालिकाले तोकेको ढाँचामा कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत, शिर्षकगत रुपमा तथा भौचर अनुसार अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च छुट्याउन सकिएन जसले गर्दा पेश भएको विवरण सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन ।
- महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै मर्मत संभार, मसलन्द, विविध, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, भ्रमण भत्ता जस्ता कार्यमा रु. २१ लाख ७ हजार समेत पूजिगत कार्यक्रम तथा शीर्षकबाट खर्च लेखेको देखिन्छ। जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन। चालु खर्चको लागि आवश्यक रकम चालु शीर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ ।
- कन्टिन्जेन्सी खर्च तर्फ अधिकांश इन्धन र मर्मत खर्च, विभिन्न प्यान विल र भरपाई प्रयोग गरेको, स्रेस्तासंग पर्याप्त कागजात नराखेको र चालु प्रकृतिका खर्च बढी गरेको देखिन्छ । चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धि कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाई मितव्यियिता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

९० **निर्माण कार्यमा मितव्ययियता**

अन्तरसरकारी वित्तीय हस्तान्तरण कार्यान्वयन सम्बन्धि मार्गदर्शन, २०८०।८१ को दफा ६ मा योजनाको कार्यान्वयन प्रकृया उल्लेख गर्नुपर्ने र दफा १० मा बचत रकम खर्च गर्न नपाईने तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रदेश सशर्त अनुदान तर्फका योजना संचालन गर्दा देहायका ३ योजनामा ठेक्का सम्झौता मार्फत लागत अनुमानको ३३ प्रतिशतसम्म घटीमा सम्झौता गराई कार्य गरेकोमा वर्षान्तमा सोही योजनाको बचत रकमबाट वर्षान्तमा पुन: दरभाउपत्र मार्फत लागत अनुमानको ०.५८ प्रतिशत देखि २.३४ प्रतिशत सम्झौता अंकमा कार्य गराएकोमा मितव्ययियता कायम भएको देखिएन । पालिकाले सशर्त अनुदान खर्च मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्दछ ।

साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा यसरी खरिद गरेको नियमानुसार देखिएन । यस तर्फ पालिकाले सुधार गर्नुपर्दछ ।

| | ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | | लागत अनुमान रु. | सम्झौता रकम रु | कार्यसम्पन्न भुक्तानी रु | घटी % |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सशर्त | NCB-२७ / ८० - ८१ | डनेटागाउँ जिम्माल पखरचौर मोटरबाटो नालि सहित ग्रावेल वडा नं. ७ | ननस्टप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १० लाख | ९९६३०७ | ६७२३७५ | ६६८५१२ | ३२.५१ |
| | दरभाउपत्र | | साइसा कन्ट्रक्सन | | ३१५८७९ | ३०८५०० | ३०४१४१४ | २.३४ |
| प्रदेश सशर्त | NCB-/८० - ८१ | पिपलधारा नादी तल्लाखाल तटवन्ध योजना वडा नं. २ | नाइजेल कन्स्ट्रकसन एण्ड सप्लायर्स | १० लाख | ९६९८९२ | ७११९८८ | ७०८२८४ | २६.६७ |
| | दरभाउपत्र | | अर्जुन विल्डर्स एण्ड कन्स्ट्रकसन | | २६२५५९ | २६००८६ | २५९७१३ | ०.५८ |
| प्रदेश सशर्त | NCB-/८० - ८१ | जनयुद्ध स्मृती पार्क | जानकी गोपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २० लाख | १९९२३५० | १३३५६५५ | १३०१५७७ | ३३.३६ |
| | दरभाउपत्र | | जानकी गोपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | ६२७५२४ | ६१५६७४ | ६१३९९४ | १.८९ |

९१ **पाञ्चायन मा.वि. तथा हिमालय मा.वि. पूर्वाधार विकास**

प्रदेश समपुरक अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ मा बचत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने र लागत बढन गएमा बढेको रकमको दायित्व स्थानीय तहले व्यहोर्नुपर्ने उल्लेख छ । अन्तरसरकारी वित्तीय हस्तान्तरण कार्यान्वयन सम्बन्धि मार्गदर्शन, २०८०।८१ को दफा ६ मा योजनाको कार्यान्वयन प्रकृया उल्लेख गर्नुपर्ने र दफा १० मा बचत रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रदेश विशेष अनुदान तर्फ पाञ्चायन मा.वि. तथा हिमालय मा.वि. पूर्वाधार विकास निर्माण कार्यका लागि NCB-२०/०८०-८१ मार्फत रु. ५०६०९६३।०० को लागत अनुमान तयार गरी अर्घा कन्स्ट्रकसन संग २०८१।२।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।९।२४ मा रु. ३६५१४५४।०० (२७.८५ प्रतिशत घटीमा) मा सम्झौता गरेकोमा रु. ३३११६१३।०० को कार्य सम्पन्न भई भुक्तानी भएको देखिन्छ । पालिकाले ठेक्काबाट बचेको रकम सम्बन्धित मन्त्रालयसंग स्वीकृति नलिई तथा मितव्ययिताको समेत ख्याल नगरी दरभाउ पत्र मार्फत रु. ९९५६८३।०० को लागत अनुमानमा निर्माण वेलनेस कन्स्ट्रकसन एण्ड मल्टीपरपोज संग रु.९८१९६३।०० (१.३६ प्रतिशत घटीमा) मा २०८१।३।९ असारमा कार्य सम्पन्न गर्ने गरी २०८१।२।१ (वर्षान्तमा सम्झौता) थप कार्य गराई रु. ९७४६२४।०० खर्च लेखेको नियम सम्मत देखिएन । समपुरक अनुदानको बचत रकम मन्त्रालयसंग स्वीकृति लिई मात्र दरभाउपत्रबाट खर्च गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले सोही कार्यक्रममा नै बचत रकम खर्च गरेको जनाएको छ । साथै यसरी दरभाउपत्र मार्फत प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा बोलपत्र बाट कार्य गराउँदाको तुलनामा रु.२६३७५६।०० (२६.४९ प्रतिशत) बढी लागत पर्ने गरी निर्माण कार्य गराएको उपयुक्त देखिएन ।

९२ **बर्वोट ठूल्दी नयाँगाउँ नेटेकटेरी ओखलढुङ्गा सडक संघ समपुरक**

संघ समपुरक अनुदान कार्यविधि, २०७७ को दफा ९ समपुरक अनुदानको रकम खर्च गर्दा आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धि प्रचलित कानुनको अधिनमा रहि मितव्ययी र पार्दर्शी किसिमले खर्च गर्ने उल्लेख छ ।साथै समपुरक अनुदान माग गर्दा सूचना बमोजिम प्रस्तावमा योजनाको कार्यान्वयन प्रकृया उल्लेख गर्नुपर्ने उल्लेख छ । अन्तरसरकारी वित्तीय हस्तान्तरण कार्यान्वयन सम्बन्धि मार्गदर्शन, २०८०।८१ को दफा दफा १० मा बचत रकम संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ ।पालिकाले संघ समपुरक योजना अन्तर्गत बर्वोट ठूल्दी नयाँगाउँ नेटेकटेरी ओखलढुङ्गा सडक कार्यका लागि निर्माण व्यवसायी सुष्मा करिशमा निर्माण सेवासंग बोलपत्र NCB-06/80-81 मार्फत रु. ६२१३३७५।०० को कार्य सम्पन्न गरिसकेकोमा, पुन: अर्को बोलपत्र NCB-30/80-81 मार्फत सुष्मा कशिशमा निर्माण सेवाबाट रु.१९७५८१८।०० को कार्यसम्पन्न गराई भुक्तानी गरेको पाईयो । पालिकाले तत्पश्चात समेत बचत

रकमबाट मन्त्रालयको स्वीकृति वेगर २०८१ असार मसान्तमा पुन: भौ.नं.८१।०८१।३।२१ बाट अर्को निर्माण व्यवसायी न्यू लिजा निर्माण सेवा प्रा.लिसंग दरभाउपत्र मार्फत रु. ९४५८७७।०० को कार्य गराई भुक्तानी दिएको नियम अनुसार देखिएन । समपुरक अनुदानको बचत रकम मन्त्रालयसंग स्वीकृति लिई मात्र दरभाउपत्रबाट खर्च गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले सोही कार्यक्रममा नै बचत रकम खर्च गरेको जनाएको छ ।

साथै यसरी दरभाउपत्र मार्फत प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा बोलपत्र बाट कार्य गराउँदाको तुलनामा रु.२७१८३५।०० (२८.२८ प्रतिशत) बढी लागत पर्ने गरी निर्माण कार्य गराएको उपयुक्त देखिएन ।

| क्र. स . | ठेक्का नम्वर | निर्माण व्यवसायी | बजेट | लागत अनुमान रु. | सम्झौता रकम रु | कार्यसम्पन्न भुक्तानी रु | घटी % |
|---|---|---|---|---|---|---|---|
| १ | NCB-06/80-81 | सुष्मा करिशमा निर्माण सेवा | १ करोड | १०१८७३६० | ६५७५१६७ | ६२१३३७५ | ३५.३६ |
| २ | NCB-30/80-81 | सुष्मा करिशमा निर्माण सेवा | | ३०९७८१४ | २१८५०९६ | १९७५८१८ | २९.४६ |
| ३ | दरभाउपत्र | न्यू लिजा निर्माण सेवा | | ९६१२२८ | ९४६९७५ | ९४५८७७ | १.४८ |

## ९३ औद्योगिक ग्राम निर्माण योजना

औद्योगिक ग्राम निर्माण योजना : स्थानीय स्रोत साधन कच्चापदार्थ प्रविधि र सिपको परीचालन गरी लघु घरेलु तथा साना उद्योगमा लागानी बृद्धि गरी उद्योगको स्थापना विकास र प्रवर्द्धन गर्दै रोजगारी सिर्जनाको माध्यामबाट स्थानीय अर्थतन्त्रमा योगदान पुरयाउन छरिएर रहेका साना उद्योगहरुलाई एकीकृत गरी व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि औद्योगिक ग्राम स्थापनाको लागि धुर्कोट गाउँपालिका ४ जैसीथोकमा औद्योगिक ग्राम स्थापनाको लागि डिपिआर अनुसार रु ९९०७३०९६।लागत अनुमानको आर्थिक वर्ष ०८०।८१ मा सम्पन्न गर्ने गरी स्वीकृत भएको छ । स्वीकृत डिपीआर अनुसार औद्योगिक ग्राम निर्माण गर्ने अवधी समाप्त हुदा सम्म infrastructure for establishment of industrial village कार्य मात्र सम्पन्न गरेकोले स्वीकृत कार्यक्रम अनुसार बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्न सम्वन्धित निकायले ध्यान दिनुपर्दछ । औद्योगिक ग्रामको पुर्वाधारको निर्माण तथा उद्योग स्थापना गर्दा स्थानीय स्रोत साधन उपलब्ध हुन सक्ने, कच्चा पदार्थ तथा बजारीकरण समेतको विश्लेषण गरी थप संरचना निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

ठे.नं. ३२।०७७।७८ औधोगिक ग्राम योजना infrastructure for establishment of industrial village निर्माण गर्न निर्माण व्यवसायी मुडली कन्स्ट्रक्सनले रु.५९०२१९२।को मिति २०७८।१२।२५ मा सम्पन्न गर्ने गरी मिति २०७८।५।१७ मा सम्झौता भएको छ । सम्झौता अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न नगरेकोमा सार्वजनिक खरिद नियमालीको २०६४ को तेह्रौ संशोधन अनुसार कार्यालयले मिति २०८१।३।१५ सम्म म्याद थप गरेको छ ।उक्त थप म्याद सम्ममा पनि निर्माण सम्पन्न नगरी निर्माण व्यवसायीले मिति २०८१।३।२४ मा निर्माण सम्पन्न गरेको बिल पेश गरेको देखिन्छ। म्याद थप भन्दा ८ दिन ढिला गरी निर्माण कार्य सम्पन्न भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १२१ बमोजिम सम्झौता रकम रु.५९०२१९२।को ०.०५ प्रतिशतको दरले हुने रु.२३६०८।०० पुर्वनिर्धारीत क्षतिपुर्ति निर्माण व्यवसायीसंग असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,६०८ |

## ९४ स्मृती भवन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ ।पालिकाले निम्न शहिदहरुको स्मृति भवन निर्माणको लागि बजेट विनियोजन गरी देहाय अनुसार खर्च गरेको छ ।उपभोक्ता समिति मार्फत स्मृति भवन निर्मण गरेकोमा भवनको फाउन्डेसन र प्लिन्थ लेभल सम्मको पि.सि.सी. टाईविमको मात्र निर्मण गरेकोमा बजेट विनियोजन अनुसार निर्माण गरी कार्य सम्पन्न गरेकोले भवनको काम सम्पन्न गर्न बाँकी देखिन्छ ।पालिकाले बजेट तथा कार्यक्रम बनाउदा यस्ता स्मृतिभवन निर्माण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| २४०।०८१।३।२० | शहिद कृष्ण कुवर स्मृति भवन | ४९४६४३। |
| २४१।०८१।३।२० | शहिद बोम बहादुर स्मृति भवन | ४९५५४८। |

९५ **मनसुनजन्य विपदबाट क्षती भएका नीजि आवास पुन निर्माण**

मनसुनजन्य विपदबाट क्षती भएका नीजि आवास पुन निर्माण - पालिकाले मनसुनजन्य विपदबाट क्षती भएका नीजि आवास पुन निर्माण वापत रु. १९ लाख ४० हजार बजेट व्यवस्थापन गरेकोमा रु.१५ लाख १५ हजार खर्च गरेको पाइयो । पालिकाले मन्सुनजन्य विपदमा परेकाहरुको सुरक्षित स्थान आवस पुननिर्माणको लागि यसगाउपालिकाले गर्नुपर्ने १० प्रतिशत साझेदारी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, गुल्मी मार्फत जिल्ला प्रशासन कार्यालयबाट खर्च तथा वितरण हुने गरी पठाएको छ । संघ तथा प्रदेश सरकारले पठाउनु पर्ने रकम समयमै नपाउदा विपन्न परिवार तथा विपद प्रभावित नागरिकलाई सहज हुने गरी समयमा नै रकम वितरण गर्नुपर्ने पालिकाको भनाई रहेको छ ।

९६ **१५ सैया आधारभूत अस्पताल**

NCB-30/77-78, धुर्कोट गाउपालिकाको १५ सैया आधारभूत अस्पतालको निर्माणको कार्यको लागि पालिकाले आर्थिक वर्ष २०७७।७८ मा रु.२२ करोड २७ लाख ५८ हजार ६०४ को डिपिआर तयार भई मन्त्रालयबाट रु. १८ करोडको बजेट सिलिङ प्राप्त भई २०७८।१।२० मा ३० दिने सूचना बमोजिम रु. १८७८१८९३७।०० को लागत अनुमानमा ठेक्का आवहान गरिएकोमा निर्माण व्यवसायी रविना।अर्जुन।न्यू लिजा जे.भी.संग मूअकरसमेत रु.१३३९४२२८७।२१ मा २०८०।२।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।४।२१ मा सम्झौता भएकोमा पेश्की वापत रु. ९८ लाख र रनिंग विल वापत रु. ८८३१५०६।९७ भुक्तानी भएको छ । २०७८।७९ मा पहिरोका कारण निर्माण कार्य अवरुद्ध भई डिजाईन तथा सम्झौता परिमार्जन गरेकोमा निर्माण कार्य अगाडि नबढेको देखिन्छ । अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :




**क. डिजाईन नक्सा परिमार्जन** - पालिकाको २०७९।३।८ को कार्यपालिकाको निर्णयमा साईटमा Excavation र Cutting को कार्य गर्दा भवन निर्माण गरिने जगाको माथिबाट पहिरो आई भवन निर्माणमा समस्या परि DPR परिवर्तन गर्न पर्ने अवस्था भएकोले यस पूर्व तयार भएको DPR परिवर्तन गरी स्वीकृत गरिदिन मन्त्रालयमा अनुरोध गर्ने उल्लेख गरेकोमा पालिकाले २०७९।४।८ मा मन्त्रालयलाई स्वीकृतिका लागि लेखि पठाएकोमा मन्त्रालयले पालिकाबाट खटाईएको परामर्शदाता फर्मबाट नक्सा संशोधन गरी पेश भएको संलग्न परिमार्जित डिजाइन अवधारणा नक्सा स्वीकृत स्ट्यान्डर्ड डिजाईनसंग मेल खाने भएको हुँदा परामर्शदाता आफैं जिम्मेवार रहने गरी विस्तृत आर्किटेक्चर डिजाईन (स्ट्रकचर, स्यानिटरी, इलेक्ट्रीकल), लागत अनुमान, स्पेशिफिकेसन तयार गर्ने गरी upgrading कार्य अघि बढाउन स्वीकृति दिएको देखिन्छ । साथै परामर्शदाता Eagles Solution Pvt. Ltd, Kathmandu ले २०७९।१२।२२ मा परिमार्जित DPR मन्त्रालयको मापदण्ड बमोजिम पालिकालाई पठाएको देखिन्छ । तत्पश्चात पालिकाले निर्माण व्यवसायीलाई नक्सा परिमार्जन स्वीकृत भई सकेकोले कार्य अगाडि बढाउन अनुरोध गरेकोमा कार्य अगाडि बढेको देखिदैन । पालिकाले यससम्बन्धमा निर्माण व्यवसायीसंग निर्माण कार्य डिजाईन तथा सम्झौता सम्बन्धमा छलफल भई अब कार्य सूचारु गर्ने चरणमा रहेको जनाएको छ ।

**ख. भेरिएसन र सम्झौता** – पालिकाले कार्यापालिकाको २०८०।६।२२ को निर्णयबाट निर्माण कार्यको शुरु लागत अनुमान रु.१८१३९३२४४।९३ रहेकोमा रु. १७०२००६९५।२३ कायम गरेको तथा शुरु सम्झौता १३३९४१२८७।२१ रहेकोमा ४ प्रतिशत घटीमा परिमार्जित सम्झौता रकम रु. १२८५५६१४६।०६ कायम गरेको छ । उक्त सम्झौतामा सिभिल कार्य तर्फ ६ प्रतिशत घटी र

ईलेक्ट्रीकल तर्फ १४ प्रतिशत बढी भेरिएसन गरेको देखिन्छ । ईलेक्ट्रिकल कार्य तर्फ १४ प्रतिशत बढी भेरिएसन भएकोले सोको दर र परिमाणको अध्ययन गरी कार्य गराउनुपर्दछ । कार्यालयले डिजाईन तथा भेरिएसन स्वीकृति पछि निर्माण व्यवसायीलाई पटक पटक सूचना गरेकोमा समयमा सम्पर्कमा नआएको र २०८० चेत्रमा मात्र सम्पर्कमा आई २०८०।१२।२३ मा पुन: भेरिएसन बमोजिम परिमार्जित सम्झौता रकममा म्याद थप समेत २०८२।१२।१८ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा पेश भएको अद्यावधिक कार्यतालिका बमोजिम निर्माण कार्य अगाडि बढाउनुपर्दछ ।

**ग. भुक्तानी** - पालिकाले निर्माण व्यवसायीलाई भेरिएसन तथा म्याद थप पश्चात निर्माण व्यवसायीलाई २०७८।७९ मा नै गरेको स्टोन मेशोनरी रिटेनिंग वालको कार्यको २०८०।१२। ३० मा प्रथम विल तयार गरी रु. २९९७१६२।०० र २०८१।३।२७ मा दोश्रो रनिंग विल वापत रु. ६०३४३४४।०० समेत रु. ८८३१५०६।९७ भुक्तानी दिएकोमा तत्पश्चात निर्माण व्यवसायीले कार्य गरेको छैन । शुरुको सम्झौता तथा डिजाईनमा बमोजिमको कार्यमा ब्रेस्ट वाल रहेकोमा माथिबाट पहिरो झरेपछि चौडाई बढाई स्टोन मेशोनरी रिटेनिङ वाल बनाएको र सोको परिमाण बढेकोमा हालको भेरिएसनमा समायोजन गरी भुक्तानी गरेको देखिन्छ ।

**घ. विमा तथा गुणस्तर** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था छ । सम्झौताको दफा १९.१ मा समेत निर्माण कार्यको शुरु हुने मिति देखि त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने उल्लेख रहेकोमा लेखापरीक्षणको क्रममा शुरु सम्झौता अवधि २०७८।४।२१ देखि २०८०।२।१५ सम्म कार्य सम्पन्न गर्ने अवधि र त्रुटी सच्चाउने अवधिको विमा पेश हुनुपर्नेमा उक्त अवधिको विमा पेश भएन । पालिकाले म्याद थप पश्चात २०८१।१।१२ देखि २०८२।१२।१८ र त्रुटी सच्चाउने अवधिको मात्र विमा पोलिसी पेश भएको छ । पहिरो झरेको कारण निर्माण कार्य रोकेको र उक्त घटनाले मानविय तथा अन्य क्षति समेत हुने जोखिम भएकोमा निर्माण व्यवसायीले सम्झौताको शुरु अवधिमा विमा वेगर कार्य गरेको उचित देखिएन । साथै उक्त घटनामा के कस्तो क्षति भएको हो सोको विवरण प्राप्त भएन । सम्झौता तथा नियमावलीको व्यवस्था अनुसार निर्माण कार्य तथा सम्झौता बमोजिमको विमा गर्नु आवश्यक देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) तथा सम्झौता अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई सम्झौता बमोजिम गुणस्तर आश्वस्तता योजना समेत पेश गर्न लगाउनुपर्दछ ।

पालिकाले विस्तृत आयोजना प्रतिवेदन तयार, स्वीकृत परिमार्जित नक्सा ड्रइङ डिजाइन तथा सोईल टेस्ट सम्बन्धि उपयुक्त अध्ययनको आधारमा विश्वस्त भई कार्य गर्नुपर्दछ । साथै उक्त साईटमा पहिरो खस्ने जोखिम रहेको तथा साईटको अगाडि र पछाडि समेत भिर रहेकोले उक्त कार्यको उपयुक्त अध्ययन तथा साईट प्रोटेक्सन सम्बन्धमा ख्याल गरी पहिरो व्यवस्थापन सम्बन्धमा समेत ध्यान दिइ निर्माण कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

९७ **क्याम्पसलाइ अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९८६,०३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

९८ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र

परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । पालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको रु ४ करोड ९३ लाख को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु. ४ करोड २४ लाख ३० हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

९८.१ उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांश योजनामा फोटाहरु संलग्न राख्ने पनि कार्य शुरु हुनु भन्दा पहिलेको फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । यस तर्फ पालिकाले सुधार गर्नुपर्दछ ।

९८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

९८.३ कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर तथा मिति देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापी किताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । निर्माण कार्यसंग सम्बन्धित कागजात अद्यावधिक राख्नुपर्दछ ।

९८.४ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

९८.५ अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

९८.६ **आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता

समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## ९९ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ ।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## १०० नक्सा पास नभएको

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । पालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वियन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वियन गरी गाउँपालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ ।

## १०१ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## १०२ गुणस्तर परिक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम

भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

१०३ **उपभोक्ता समितिबाट खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले निर्माण बाहेक वस्तु खरिद सम्बन्धि कार्य समेत उपभोक्ता समितिसँग गराएको पाइयो । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिसंग वस्तु सामाग्री समावेश गरेर खरिद सम्झौता गरी भुक्तानी गरेको पाईयो । पालिकाबाट संघिय खरिद कानुन प्रतिकुल हुने निर्णय गरी वस्तु खरिदका कार्यहरु गरेको नियमानुसार देखिएन । यससम्बन्धमा पालिकाले आवश्यक्ता अनुसार कार्यक्रममा नै राखेको जनाएको छ ।

| मिति | भौ नं | कार्य | सम्झौता रु. | खर्च रु | |
|---|---|---|---|---|---|
| ०८०।११।३० | १११ | होलबाङ बाङ्ग्रा खानेपानी निर्माण तथा फर्निचर खरिद उ. स | १०७३११ | ९६२०६ | फर्निचर |
| १२७।०८०।१२।१७ | १६५ | रौताहा प्रा. वि . ईन्भर्टर तथा सामाग्री खरिद | ५५०३१ | ५०००० | ईन्भर्टर र व्याट्री |

१०४ **ब्ल्याक पाईप ट्युबुलर ट्रस**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । ब्ल्याक पाईप ट्युवुल ट्रस बनाई जडान गर्ने काम प्राईमर पेन्ट सहितका भवन विभागको नर्मस M11 बमोजिम प्रति १८.९४ केजी कालो पाईप ट्रस बनाई जडान गर्ने कार्यका लागि सिपालु कामदार ०.६८७, ज्यामी ०.७८१ र पाईप १८.९४ केजीको नर्म्स प्रयोग गरी प्रति केजी दर ओभरहेड सहित रु २२३।२८ हुनुपर्नेमा उक्त नर्मसमा अन्य आईटम प्राईमर तथा पेन्टको आधार वेगर रकम समेत जोडी दर तयार गरी कार्य गराएको पाईयो । यसरी देहाय अनुसार उपभोक्ता समिति तथा कोटेशनमा लागत अनुमान तयार गर्दा बढी दरको उक्त आईटमको लागत अनुमान तयार गरेको नियम अनुसार देखिएन । आधार सहित लागत अनुमान तयार गर्नुपर्दछ ।

| गो भो | उपभोक्ता समिति | हुनुपर्ने दर | भुक्तानी दर | बढी | परिमाण | मूअकर समेत रकम रु |
|---|---|---|---|---|---|---|
| ३९।०८१।३।२० | श्री नयाँगाउ मावि धुर्कोट गा पा १ कक्षाकोठा निर्माण उपभोक्ता समिति | २२३.८८ | २३०.०५ | ६.१७ | २८५९.८ | १७६४४ |
| ११४।०८०।११।३० | कोलडाँडा ठाकुर डाँडा सामुदायिक वन ट्रस निर्माण उ स | २२३.८८ | २३०.०५ | ६.१७ | २६१.६२ | १६१४ |
| ११९।०८०।११।३० | लाहाटा ट्रष्ट निर्माण उपभोक्ता समिती | २२३.८८ | २३०.०५ | ६.१७ | ३५०.६६ | २१६३ |
| १६१।०८१।१।२३ | सोमरभोमर आमा समुह मगर समुदाय पाहुना घर निर्माण हाडहाडे | २२३.८८ | २३०.०५ | ६.१७ | ७४६.८२ | ४६०७ |
| १६९।०८१।२।२ | कुन्टा प्रतिक्षालय निर्माण उपभोक्ता समिती | २२३.८८ | २३०.०५ | ६.१७ | २४३.२५ | १५०० |
| २५६।०८१।३।२१ | वस्तु वडा कार्यालय ट्रष्ट निर्माण जि.सि. ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. | २३७.२८ | २४२ | ४.७२ | १६७८ | ७९२० |
| २६५।०८१।३।२२ | वडा कार्यालय दोश्रो तला ट्रष्ट निर्माण अनमोल निर्माण सेवा | २३७.२८ | २४५ | ४.७२ | १६३७ | १२६३७ |
| ७८।०८१।३।२० | नयाँगाउँ स्वास्थ्य चौकीमा एम्बुलेन्स राख्ने ट्रष्ट निर्माणलक्ष्मी कन्स्ट्रक्सन | २३७.२८ | २४२ | ४.७२ | ७७९.९१ | १११९ |
| | | | | | | ४९२०४ |

१०५ **फुटकर खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा फुटकर खर्च शिर्षकमा रु. १५ लाख ५० हजार अवण्डा बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी फुटकर खर्च शिर्षक उल्लेख गरि अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शूरु योजनामा समावेश नगरी मर्मत सम्भारका रुपमा विभिन्न टुक्रे कार्य तथा योजना थप गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ । पालिकाले यसरी अबण्डा बजेट राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उक्त खर्चहरु सार्वजनिक गरी पालिकाको सभाबाट अनुमोदन समेत हुनुपर्दछ । पालिकाले देहायअनुसार फुटकर खर्च शिर्षकबाट खर्च गरेको देखियो।

| भौ. नं . | योजना तथा उ. स . | रकम रु |
|---|---|---|
| १९३।०८१।२।२८ | कोलगैरा भवन निर्माण उपभोक्ता समुह | २१८९७६ |
| १९४।२०८१।३।४ | जैसिथोक लिफ्ट खानेपानी सम्म मो वा उपभोक्ता समुह | ७६,४०८.०० |
| २००।८१।३।६ | शहिद खिम विक्रम स्मृती भवन निर्माण उपभोक्ता समुह | ३०४८८६ |
| २१८।०८१।३।१३ | हर्रे अधेरी खोला रातचौर सडक उपभोक्ता समुह | ११८९८१ |
| २३७।०८१।३।१९ | खाला पधेरा शौचालय निर्माण उपभोक्ता समुह | ९८,२२८.०० |
| २५३।०८१।३।११ | लाहाटा मानचौर निर्माण उ स | १४६७२५ |
| १३६।०८०।१२।१७ | बाझपाटा अर्मलचौर चरिपाटा मो वा योजना उ स | १९५३२१ |
| १५५।०८१।१।१२ | जोत्रेपोखरी धरधापे मोटरबाटो विस्तार उपभोक्ता समुह | १९७०६२ |
| १७०।०८१।२।२ | अर्काङ्गचौर पानीघाट अबुवा पधेरा मर्मत वा | २८,५६०.०० |
| १७५।०८१।२।३ | घैयार गौरो मर्मत उ.स | ८९,०६५.०० |
| १९३।०८१।२।२८ | कोलागैरा भवन निर्माण उपभोक्ता समिती | ३९,९९२.०० |
| २१८।०८१।३।१३ | हर्रे अधेरीखोला रातचौर सडक उ स | २८,५६०.०० |
| | | १५४२७६४ |

१०६ **मर्मत सम्भार कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा मर्मत सम्भार कोष शिर्षकमा रु. ३३ लाख अवण्डा बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी मर्मत सम्भार शिर्षक उल्लेख गरि अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजना, मर्मत सम्भार तथा अन्य खर्च गरेको छ । बजेट अबण्डामा राखी खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। शूरु योजनामा समावेश नगरी मर्मत सम्भारका रुपमा विभिन्न टुक्रे कार्य तथा योजना थप गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ । उक्त खर्चहरु सार्वजनिक गरी पालिकाको सभाबाट अनुमोदन समेत हुनुपर्दछ । पालिकाले गा.पा.स्तरीय मर्मत संभार शिर्षकबाट देहाय अनुसार खर्च गरेको छ ।

| मिति | भौ नं | कार्य | खर्च रु | खरिद विधि | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|
| ०८/२५/२०८० | २१ | धुर्कोट कोट सौचालय निर्माण उ स | २४४६९९ | उपभोक्ता | धुर्कोट कोट सौचालय निर्माण उ स |
| ११/०३/२०८० | ७३ | | २१८१८२ | दरभाउपत्र | खड्क छत्र निर्माण सेवा |
| ०७/०२/२०८० | १४ | बर्बोट कोट क्षेत्र सडक मर्मत तथा ढलान कार्य | ९९६४९३ | दरभाउपत्र | रजस्थल कन्सट्रक्सन एण्ड सप्लायर्स |
| १२/१७/२०८० | १३२ | जनज्योती आधारभुत विद्यालय फर्निचर | २९७२४४ | उपभोक्ता | विद्यालय |
| ०१/०२/२०८१ | १५० | सहिद पार्क रंगरोगन | ४२९८६३ | दरभाउपत्र | असिक आकृति कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा लि |
| ०३/२१/२०८१ | २५४ | ठुलामूल लिफ्ट खानेपानी योजना | २६२२९५ | दरभाउपत्र | अल्फा सोलार पावर एण्ड सप्लायर्स |
| ०३/२४/२०८१ | २८४ | ठुलामुल लिफ्ट खानेपानी खानेपानी प्यानल बोर्ड खरिद | २६५५५० | दरभाउपत्र | अल्फा सोलार पावर एण्ड सप्लायर्स |
| ०३/०५/२०८१ | १९६ | ठुलामुल खानेपानी लिफ्टका लागि सामग्री खरिद | १६८५२० | दरभाउपत्र | जय राम हार्डवयर सेन्टर |
| ०३/१७/२०८१ | २३० | वाग्ला मा वि पर्खाल निर्माण उभोक्ता समिती | १९६७२० | उपभोक्ता | |
| | | | ३०७९५६६ | | |

१०७ **उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। नमुना छनौटका आधारमा हेर्दा पालिकाले यस वर्ष देहाय अनुसारका कार्य उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति समेत नलिई कार्य गरेकोले नियमको पालना गरी उपभोक्ता समितिको कार्य गराउनुपर्दछ ।

| भौ.नं. | उपभोक्ता समिति | सम्झौता | कार्यसम्पन्न | निर्माण व्यवसायी | खर्च भुक्तानी | नि व्य विल |
|---|---|---|---|---|---|---|
| १३६।०८०। १२।१७ | बाझपाटा अर्मलचौर चरिपाटा मोटर वाटो योजना उ स | २२२३०२ | २१७१०१ | सुजना कन्स्ट्रकसन | १९५३२१ | २०३५८९ |
| १५।०८१।१। २ | कल्लाबोट घुम्ती दङ्गालीटोल आरुपाटा मोटरबाटो निर्माण उस | ११११२२८ | १०९५६८७ | अनमोल निर्माण सेवा | ९८६०१५ | १०९४८८७ |
| १४९।०८१। १।२ | पिपलधारा खेलमैदान निर्माण | ३३३८७३ | ३३१४५२ | युनिक कन्स्ट्रकसन | २९७८२४ | ३३४७६१ |
| १७६।०८१। २।३ | बाटुलेखर्क छापाटोल अगार मोटरबाटो मर्मत | ३३४६९९ | ३३२०२६ | काफलपानी कन्स्ट्रकसन एण्ड सप्लायर्स | २९७६०४ | २३९८२५ |

१०८ **एम्बुलेन्स खरिद पेश्की**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,००८,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

१०९ **पेश्कीको एकिकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ ।उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्र्यौट गर्नुपर्दछ ।

सुत्र प्रणालीको म.ले.प.फा.नं. २११ फस्र्यौट गर्न बाँकी पेश्कीको मास्केवारी तथा अन्तरसरकारी तर्फ सिग्यास प्रणालीमा २०८०।८१ अनुसार आर्थिक वर्ष २०८०।८१ सम्म देहाय अनुसारको पेश्की बाँकी रहेको विवरण प्राप्त भएकोले नियमानुसार पेश्की फस्र्यौट हुनुपर्दछ ।

| पेश्की मिति | कार्यक्रम | विवरण | पेश्की लिने | गत विगत वर्षको | २०८०।८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| २०८१।१।१८ | प्रशासकिय भवन | मोविलाइजेसन | प्राकृतिक ।श्रेष्ठ ।सुनिल समिर जेभी | ९१६४३३३ | | ९१६४३३३ |
| १३।०८०।१०।९ | शैक्षिक संग्राहलय निर्माण वडा नं. ५ पान्चायन मा वि | मोविलाइजेसन | असिम आकृति कन्स्ट्रक्सन | | १७२३४०० | १७२३४०० |
| २३।०८०।१२।१७ | | | | | | |
| २०७८।७९ | बुढीकोट पर्यटन पूर्वाधार निर्माण | मोविलाइजेसन | ड्रागन-रेगन-रेसुङ्गा दर्शन जे.भी | ४७००००० | | ४७००००० |
| २०८०।४।१ | बर्वोट ठूल्दी नयाँगाउँ नेटेकटेरी ओखलढुङ्गा सडक(क्रमागत) | मोविलाइजेसन | सुष्मा करिशमा निर्माण सेवा | ६५०००० | | ६५०००० |
| २०७७।७८ | पनाह खोला ठुल्दी पक्की पुल | मोविलाइजेसन | अन्जना ।श्रेष्ठ जेभी | १५००००० | | १५००००० |
| २०७७।७८ | १५ शैया अस्पताल | मोविलाइजेसन | रविना. अर्जुन।न्यू लिजा जे भी | ९८००००० | | ९८००००० |
| २०८१।३।१५ | एम्बुलेन्स खरिद | संस्थागत | अग्नी इन्कर्पोरेटेड प्रा लि | | २००८१०० | २००८१०० |
| | | जम्मा | | | | २९५४५८३३ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरूजुको विवरण | रकम |
|---|---|---|
| १ | शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा परमानन्द वहुमुखी क्याम्सको फर्निचर तथा सि.सि. क्यामेरा जडानमा रु ४९४६४३।- खर्च लेखेको छ । क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्य क्षेत्र वाहिर गई क्याम्पसको लागि खर्च गरेको नियम सम्मत नदेखिएको रु | 494643.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : धुर्कोट गाउँपालिका, गुल्मी , धुर्कोट गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ज्ञानुराम पन्थी | २०७९-४-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gyan Bahadur Karki | २०८०-५-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,६१३,४६४ | ५,४१९,१८९ | २,०२६,४९५ | ० | ० | २,००८,१०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १४,०६७,२४८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ९,५२७,३५८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ४९४,६४३ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५,०३४,५३३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २४६१९९९३.४२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५२५९८०७४१ | चालु खर्च | ४८५५९०४७०.६१ |
| प्रदेश सरकारबाट अनुदान | २३६३५४४९ | पूँजीगत खर्च | १७६८३१७८६ |
| राजश्व बाँडफाँट | ७५१३७९२७.३४ | वित्तीय/अन्य व्यवस्था | ८६८७७००.९८ |
| आन्तरिक आय | ६६७१६४२.४९ | | |
| अन्य आय | ४९६८४३८०.५६ | | |
| कुल आय | ६८१११०१४०.३९ | कुल खर्च | ६७११०९९५७.५९ |
| बाँकी मौज्दात | | ३४६२०१७६.२२ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका थप क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।
- गाउँपालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । गाउँपालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी गाउँपालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।